
Vol. 2, Issue 17, March-April, 2015
HOT NEPAL Monthly
हट नेपाल
वर्ष २, पूर्णाङ्क १७, चैत २०७१, मूल्य रू ३०।-
समर फेसनको
तरंग
नीर शाहको
नयाँ जीवन
ग्रीन सिटीमा
आठौं आश्चर्य
फर्माइसका हिरो
नेपाली तारा
सुन्दरी खेती
आवश्यकता र औचित्य

# ROSH

## Beauty Saloon

Relax . Renew . Revive

**For Men and Women**

Gyaneshwor-33 , Kathmandu

Beauty treatments | Hair Cut, Treatment & Styling
Nail Art & Mehandi | Spa & Sona
Cosmetic Instruction & Sell | Skin Care
Facials | Manicures | Pedicures
All beauty Services & Training





Website: roshbeautysaloon.com | Tel: +977-1-14410280 /+977-9851157553


Our Pride...
NEPAL'S #1
Khukri
XXX Rum
Khukri
Rum
Nepal's Finest Rum Since 1959
खुकुरि XXX रम
Khukri
XXX Rum
An exeellent and smooth rum
fully matured in oak vats
PRODUCE OF NEPAL
Since
1959
The Nepal Distilleries (P) Ltd.

जि.प्र.का. काठमाडौं द.नं. २१६/२०७०/०७१

Vol. 2, Issue 17, March-April, 2015

Hot Nepal Monthly

# हट नेपाल

वर्ष २, पूर्णाङ्क १७, चैत २०७१

मनोरञ्जन र जीवनशैली मासिक




आवरण तस्वीर : कविन्द्रमान शाक्य

**प्रधान सम्पादक**
व्याकुल पाठक

**सम्पादक**
श्याम स्मृत

**फोटोग्राफर**
कविन्द्रमान शाक्य
आशाकाजी महर्जन, शरद महर्जन

**ग्राफिक/लेआउट**
श्याम स्याङ्बो

**प्रबन्ध निर्देशक**
कल्पना उप्रेती

**प्रमुख अधिकृत वितरक/काठमाडौं**
काष्ठमण्डप डिस्ट्रिब्युसन प्रालि
भोटेबहाल, काठमाडौं, फोन : ०१-४२४७२४१

**प्रमुख अधिकृत वितरक/मोफसल**
एलाइट न्यूजपेपर डिष्ट्रिब्युटर
नरदेवी, काठमाडौं, फोन : ०१-४२६१९४८

**मुद्रक**
एक्टिभ प्रिन्टिङ प्रेस
गल्कोपाखा, काठमाडौं

**प्रकाशक**
ड्रिम नेपाल पब्लिकेसन्स प्रालि
गोंगबु, काठमाडौं
फोन : ०१-४३५६१४१



## १ रिलेसन विनाकी वर्षा

पहिलो भिडियो खेल्दा १३ हजार पारिश्रमिक पाएकी वर्षा हालसम्म फोकटमा काम गर्न नपरेको बताउँछिन् । स्वतन्त्र रूपमा काम गर्न रूचाउने उनी हालसम्म कुनै रिलेसनसीपमा नरहेको बताउँछिन् ।

## १२ ताल नगरीमा अनगिन्ती सुन्दरी प्रतियोगिता

सफा र सुन्दर शहरको रूपमा चिनिने पोखरामा सुन्दरीहरूको कुनै कमी छैन । फेसन र ग्लामरसमा अघि छ पोखरा । यो सम्भवतः देशकै धेरै सुन्दरी प्रतियोगिता हुने शहर पनि हो । सुन्दरी या अन्य ट्यालेन्ट प्रतियोगिता २/३ वटा नभएको महिना नै हुँदैन ।





## १६ समर फेसनको तरंग

समरमा जोकोही पनि सुन्दर बन्न चाहन्छन् । जाडो याममा छोपिएको सुन्दरतालाई सकभर यो समरमा खुल्ला राख्ने चाहना हरेक महिला तथा पुरूषमा हुने गर्छ । समरमा अनुहार तथा छालालाई जोगाउन गुलाबजल, बदाम, चन्दनजस्ता प्राकृतिक तत्वहरु प्रयोग गर्नु हानिरहित एवम् प्रभावकारी हुन्छ ।

## २२ नीर शाहको नयाँ जीवन

२३ वर्षको लामो अन्तरालपश्चात नेपाल टेलिभिजनको अध्यक्ष पदमा पुनः कार्य गर्न पुगेका शाहको अनुभवमा त्यो बेलाको र हालको कार्यशैलीमा खासै परिवर्तन भएको छैन । सरकारी नीति-नियमको परिधि तथा उच्चअधिकारीहरूको हस्तक्षेप पहिलाको तुलनामा शैली मात्र फरक भएको उनको अनुभव छ ।





## ४० फर्माइसका हिरो

रेष्टुरेन्टमा ग्राहकको फर्माइसमा गीत गाउँदागाउँदै ७ महिना लामो संघर्षपश्चात प्रताप लामा नेपाली सांगीतिक रियालिटी-शो नेपाली ताराको तेस्रो संस्करण नेपाली तारा-३ बन्न सफल भएका छन् ।

Registration number **DAO KTM 216/070/71** | **Hot Nepal**, Entertainment & Lifestyle monthly magazine is published by **Dream Nepal Publiications Pvt. Ltd.** | **Address:** Gongabu, Kathmandu, **Phone:** 01-4356141 | **Email :** hotdreamnepal@gmail.com | Managing Director: **Kalpana Upreti** | Chairman and Editor-in-Chief: **Byakul Pathak**

सम्पादकीय



# शहरमा समर फेसन

गर्मी महिनाको सुरूवातसँगै शहर बजारमा समर फेसनको विभिन्न रूप देखिन थालिसकेको छ । जाडो यामका बाक्ला कपडालाई दराजमा थन्क्याएर मौसम अनुकूल फेसन लगाउन थालिसकेका छन् । धेरैलाई जाडो याम त्यति मन पर्दैन । कठ्यांग्रिने चिसो मौसम परिवर्तन भएर तातो तथा न्यानो अनुभूति दिने समर सिजनले मन प्रफुलित पार्ने गर्दछ । समर सिजन उज्यालो तथा न्यानोको प्रतीक मानिन्छ । यसले गर्दा पनि समरलाई माया गर्ने कतिपयले समरमा नै प्रेम प्रस्ताव राख्ने गर्दछन् । प्रेमको प्रतीकको मौसमको रूपमा पनि यसलाई लिने गरिएको छ । बिरूवामा पालुवा लाग्ने यो मौसम पनि हो । बैंस उर्लिने समय भएरै होला समरमा विन्दास हुनेहरूको कमी हुँदैन । स्लिपलेस तथा टपलेस र पातला पहिरनको लर्को यस मौसमको विशेषता नै हो ।

यस मौसममा ड्रेस डिजाइनरहरूबीच स्लिपलेस तथा टपलेस पातला पहिरनको डिजाइन गर्न हानथाप नै हुने गर्दछ । को भन्दा कमको भावनामा फलानाको तुलनामा मेरो डिजाइन बेग्लै हुनुपर्दछ भनेर डिजाइन गर्ने डिजाइनरहरूकै होडबाजीले प्रत्येक समरमा फेसनको नयाँ नयाँ रूप देख्न सकिन्छ । सोही फ्युजनले युरोप तथा अमेरिकाको डिजाइनलाई नेपाली डिजाइनरहरूले विस्थापित गर्ने कार्य भएको पाइन्छ । २१ औं शताब्दीको अन्ततिर आएर नेपाली समर फेसनले निक्कै फड्को मारेको छ । कुनैबेला विदेशीले गरेको फेसन हेरेर सोही अनुरूपको नमूना बोकेर टेलर मास्टरकोमा पुग्नेहरु अचेल आफै डिजाइन गरेर टेलर मास्टरलाई अर्डर दिन थालेका छन् । यसले पनि नेपाली फेसनको अझ समर फेसनको पहिचान विश्वमाझ चुलिने प्रयासमा रहेको छ ।

नेपालीहरु धनका गरिब भए पनि मनका अत्यन्त धनी छन् । अलिकति पैसा हुनासाथ उक्त पैसा लगाउने कुरामा नै बढी खर्चिने गरेको पाइएको छ । घरमा साग र सिस्नो खाएर पनि बाहिर अत्यन्त फेसनेबल पहिरन लगाउनेहरूको जमातले नेपालीहरु फेसन गर्नमा कोहीभन्दा कम देखिंदैनन् भन्ने प्रमाणित गरेको पाइन्छ । अर्कोतर्फ फेसनप्रतिको नेपाली युवाहरूमा पाइएको लगावले नेपाली फेसन उद्योग पनि राम्ररी फस्टाएको देखिन्छ । टम्म लुगा लगाउनेहरु समेत फेसनेवल बन्ने होडमा पारदर्शी तथा चिटिक्क पर्ने सुन्दर पहिरन लगाउन नै रूचि देखाउन थालेका छन् । एक वर्ष लगाएको फेसन अर्को वर्षसम्म आउट डेटेट हुने र कतिपय पहिरन धेरै वर्ष पहिला नै आउट डेटेट भइसकेको भए पनि त्यसलाई अलिकति आधुनिकता दिएर लेटेस्ट बनाउने कार्य डिजाइनरहरूबाट भइरहेको देखिन्छ । यसअर्थमा विश्व फेसन बजारको नियम यदाकदा नेपाली फेसन बजारमा समेत देखिने गरेको छ । कहिलेकाहीं पुरानो अवस्थामा नेपाली फेसन बजार पुग्ने गरेको पाइन्छ । त्यस्तो अवस्थामा पुराना पुस्ताकाहरु नयाँ पुस्ताका तन्नेरी जमातका पुराना जमानाका फेसन हेरेर मक्ख पर्ने गरेको पाइन्छ ।

त्यसैगरेर, परम्परागत पहिरनमा केही मोडिफाइड गरेर नयाँपन ल्याउनेहरूले परम्परागत पहिरनलाई जीवन दिने कार्य समेत गरेका छन् । प्राचीन परम्परा तथा संस्कृतिलाई आत्मसाथ गर्नेहरूले उक्त कल्चरलाई जीवित पार्दै नयाँ समर फेसन तयार पार्ने कार्य भएको छ । यसलाई सकारात्मक पक्ष मान्न सकिन्छ । समर आफैमा बैंशालु समय हो । यो बैंशालु समयमा उन्माद बनाउने, उताउलो फेसनको माग बढी नै हुने गर्दछ । उन्मादलाई बढाउने नाममा समर फेसनको धज्जी उडाउने कार्य भएबाट कतिपय स्थानमा विभिन्न दुर्घटना तथा हिंसा पनि हुने गरेको छ । यसतर्फ समर फेसनका कन्सेप्ट डिजाइनर तथा डिजाइन गराउनेहरूले पछिसम्मलाई सोचेर डिजाइन गर्नु आवश्यक छ । डिजाइनर तथा डिजाइन गराउने दुवै समाजप्रति उत्तरदायी बन्नै पर्दछ । लापरवाही भएमा र गरिएमा समाजमा त्यसले निक्कै नै नकारात्मक स्थितिको सिर्जना गरिदिन्छ । यसतर्फ सचेत हुनै पर्दछ । समर फेसनलाई संयमित बनाउने कार्य हामी आफैले गर्नुपर्दछ ।

समर आफैमा बैंशालु समय हो । यो बैंशालु समयमा उन्माद बनाउने उताउलो फेसनको माग बढी नै हुने गर्दछ । उन्मादलाई बढाउने नाममा समर फेसनको धज्जी उडाउने कार्य भएबाट कतिपय स्थानमा विभिन्न दुर्घटना तथा हिंसा पनि हुने गरेको छ । यसतर्फ समर फेसनका कन्सेप्ट डिजाइनर तथा डिजाइन गराउनेहरूले पछिसम्मलाई सोचेर डिजाइन गर्नु आवश्यक छ ।

**व्याकुल पाठक**
**प्रधान सम्पादक**

## ● रमाइलो क्लब कल्चर

बेलायती राजकुमारी केट मिडल्टनकी बहिनीसमेत रहेकी चर्चित लेखिका तथा समाजसेवी पिप्पा मिडल्टनले योगीसँग लण्डनमा जिउ बनाउँदै गरेको जानकारी मैले हट नेपालले क्लब कल्चर सम्बन्धी लेखबाट पाएँ । आफ्नो नितम्ब किम कार्दशिनको जस्तो सेक्सी नभएकोमा पछुतो भएको भन्दै किमको जस्तो जिउ बनाउन कसरत गरिरहेकी रहिछन् । ३१ वर्षीया पिप्पाको यथार्थको अलावा नेपालीहरूमा देखिएको क्लब कल्चरको यथार्थता जस्ताको तस्तै प्रस्तुत गर्ने कार्य हट नेपालको अंक १६ मा भएको छ । जुन सूचनामूलक तथा ज्ञानर्द्धक रहेको मैले अनुभव गरेकी छु । यसको लागि हट नेपाल टीम बधाईको पात्र बनेको छ । हरेक अंक केही न केही विशेष सामग्री लिएर आउने हट नेपाल नेपाली पत्रिका बजारमा पहिलो रोजाइ बन्दै गएको छ । यसको अझै प्रगतिको कामना गर्दछु ।

– अन्जना थापा, टोखारोड ग्रीनल्याण्ड, काठमाडौं

## ● आमा नायिकाको बयान


प्रायः चलचित्र उद्योगमा नायिकाको उमेर नायकको तुलनामा कम हुने गरेको छ । ओठमा लाली तथा उमेरमा जवानी भएसम्म मात्र नायिका बन्न सकिन्छ । त्यसपछि नायिकाको समय सकिने आम प्रचलन रहेको छ । यसले गर्दा नै सकभर नायिकाहरु चाँडै बिहे गरेर आमा बन्न नचाहने गरेको बताइन्छ । आमा बनेपछि प्रायः नायिकाहरु घर-परिवार तथा बाल-बच्चामा सीमित हुनुपर्ने भएकोले फिल्मलाइनमा उनीहरूले त्यति समय दिन सक्दैनन् । यसले गर्दा आमा बनेपछि नायिकाहरूको करियर एक प्रकारले अन्त भएको मानिन्छ । यो सत्य कुरालाई उजागर गर्ने कार्य हट नेपालको फागुन महिनाको अंकबाट भएको छ । जुन रोचक तथा तथ्यपरक लाग्यो । यस पटक बलिउडका आमा नायिकाहरूका बारेमा तथ्य कुरा सार्वजनिक गरे जस्तै आगामी अंकमा कलिउडका नायिकाका बारेमा पनि यस्तै नखुलेका पाटा उजागर गर्दै गएमा हट नेपाल साँच्चै नै एउटा जानकारीमूलक पत्रिकाको रूपमा स्थापित हुने थियो ।

– मनोज पन्त, नारायणगढ, चितवन

## ● स्वाभाविक सोना र मदनको जोडी

पल पल तिमीलाई सोचिरहन्छु- म पनि तिमीलाई संझिरहन्छु बोलको यो गीत यतिखेर निक्कै चर्चाको विषय बन्न थालेको छ । वरिष्ठ हास्य अभिनेता मदनकृष्ण श्रेष्ठले लामो समयपछिको गायनको करियरलाई निरन्तरता दिने क्रममा नाति पुस्ताकी गायिका सोना अमात्यसँग गाएको यो गीतले मिडियामा बेग्लै स्थान पाइरहेको छ । यसै सम्बन्धमा हट नेपालले गायिका सोना अमात्यको बारेमा विस्तृत विवरण दिने कार्य भएको छ । मैले खोजिरहेको र मनमा उब्जिरहेको प्रश्नको सही जवाफ पनि पाएँ । यसबाट म अत्यन्त खुसी छु । सोना अमात्य र मदनकृष्ण श्रेष्ठको गायन उत्कृष्ट भए पनि म्युजिक भिडियोको अभिनय मलाई त्यति स्वाभाविक लागेको थिएन । हट नेपालमा त्यसबारेमा यथार्थ खुलासा पढेपछि दुवैको अभिनय स्वाभाविक लाग्यो ।

– शारदा श्रेष्ठ, मेनरोड धरान




## ● सिंगल रेखा थापालाई शुभकामना

'म पहिला पनि सिंगल र अहिले पनि सिंगल नै छु । छवि ओझासँग बिहे गर्दा मेरो उमेर केवल १६ वर्षमात्र थियो । त्यो समयमा बिहे भनेको कुरा नै मैले राम्ररी नबुझेको तथा सिन्दूर-पोते गरेर धुमधामसँग बिहे पनि नभएकोले त्यसलाई मैले बिहेको रूपमा लिएकी छैन । १० वर्ष लामो दाम्पत्य जीवनमा छविलाई पोइको रूपमा भन्दा एक गार्जेनको रूपमा मात्र लिएकी छु । छवि ओझा कहिले पनि मेरो लोग्ने बन्नै सकेन ! यस हिसाबले छवि मेरो लोग्ने भनेर मैले कसरी भन्ने ? यद्यपि, कागजी रूपमा रहेको सामाजिक सम्बन्धलाई अन्त गरेर टुंगाएकोमा मलाई कुनै प्रकारको दु:ख लागेको छैन' भनेर नायिका रेखा थापाले हट नेपालको अघिल्लो अंकमा भनेको कुरा मलाई सान्दर्भिक नै लाग्यो । सिंगल वुमन रेखा थापालाई सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

– राजु न्यौपाने, नवलपरासी

## ● रजनीको लोभलाग्दो रहर

नुवाकोट त्रिशूलीको स्थायी बासिन्दा रजनी केसीले फिल्म पढेकी अवश्य होइनन् । मेडिकल फार्मेसी विषयमा स्नातक गरेकी रजनीको रहरको विषय फार्मेसी बन्न नै सकेन । फिल्मलाइन नै बन्यो । रहरको विषय फिल्म भएकोले कम समयमा नै नेपाली चलचित्रको नायिका बन्ने सफलता उनले पाएकी छन् । बिग ब्यानरको लोफर तथा परदेशीमा नायिका भएर देखा परिसकेकी छन् । निर्माणाधीन चलचित्र ब्रासलेटमा विशेष भूमिकामा देखिने तयारीमा रहेकी नायिका रजनी केसीले रहरलाग्दो करियरलाई छाडेर फिल्मलाइनलाई रोजेकोमा म आफू नेपाली फिल्मको पारखी समेत भएकोले हार्दिक बधाई दिन चाहन्छु । रजनीको चित्ताकर्षक फोटो खिच्ने प्रसिद्ध फोटोग्राफर कविन्द्रमान शाक्यलाई पनि हार्दिक बधाई भन्न चाहन्छु । दुवैको उत्तरोत्तर प्रगतिको कामना पनि गर्दछु ।

– कामना बस्नेत, रंगेली, विराटनगर

सम्पर्क hotdreamnepal@gmail.com www.facebook.com/hotnepalmagazine @HotNepalMag

## सत्यमोहन जोशी चाँदीको सिक्कामा



संस्कृतिविद् सत्यमोहन जोशी अब चाँदीका सिक्कामा अंकित भएका छन् । नेपाली तथा नेपाल भाषा, साहित्य र संस्कृतिमा अमूल्य योगदान पुऱ्याएबापत सम्मान स्वरूप न्हुज गुठीले २० ग्राम चाँदीको सिक्का तयार पारेको हो । सिक्काको उपप्रधान, संघीय मामला तथा स्थानीय विकास मन्त्री प्रकाशमान सिंहले सार्वजनिक गरेका छन् । ९५ वर्ष उमेरमा पनि सिर्जना कर्ममा निरन्तर लागिरहेका जोशीलाई केही महिनाअघि त्रिमूर्ति निकेतनले पाँच लाख रूपैयाँ र जोशीकै उचाइ बराबरको ताम्रपत्रसहित 'शताब्दी पुरूष'को उपाधि दिएको थियो । दर्जनौं उच्चस्तरीय मानसम्मान पाइसकेका जोशीलाई केही वर्षअघि काठमाडौं विश्वविद्यालयले मानार्थ विद्यावारिधि उपाधिबाट समेत सम्मान गरेको थियो । नेवारी भाषाका तीन दर्जन कृति र दुई दर्जन नेपाली भाषाका कृति लेखेका जोशीको यस्तै योगदानबाट आफूहरु अभिप्रेरित भएर सिक्का निकालेको न्हुज गुठीका अध्यक्ष सुरबहादुर श्रेष्ठले बताए । नेवाः पत्रकार राष्ट्रिय दबुका अध्यक्ष श्रीकृष्ण महर्जन, शशिकला मानन्धर, सुवर्ण राजभण्डारी लगायतले पनि जोशीको कृतित्व र व्यक्तित्व बारे प्रकाश पारेका थिए । केही महिनाअघि मात्रै फोक्सोको उपचारपछि अहिले पाटनस्थित घरमा आराम गर्दै आएका जोशीले आफूलाई एकदमै भाग्यमानी ठानेका छन् । नेपाल भाषा एकेडेमीका कुलपतिसमेत रहेका जोशीको सम्पूर्ण उपचार खर्च सरकारले बेहोरेको थियो । दुई हजार रूपैयाँमा किन्न सकिने सिक्काको एक पाटामा जोशीको तस्बिर र शताब्दी पुरूष लेखिएको छ भने अर्को पाटामा न्हुज गुठी लेखिएको छ ।

## मिश्रको कविता किताब सार्वजनिक



परोपकारी पत्रकारिताको वकालत गर्ने र त्यसलाई व्यवहारमा पनि ल्याइरहेका समाजसेवी पत्रकार रवीन्द्र मिश्रको कवितासंग्रह सार्वजनिक भएको छ । राजधानीको प्रज्ञा प्रतिष्ठानको डबलीमा 'रवीन्द्र मिश्रका कविता' नामक संग्रहको विमोचन लेखक स्वयंले दुई पाठक जीवन र नवीनासँग मिलेर गरे । कार्यक्रममा कवि डा. सनतकुमार वस्तीले मिश्रका कविता सरल र सहज हुने बताए भने अर्का कवि बुद्धिसागरले कविताहरू बिकाउ हुन नहुने प्रतिक्रिया दिए । फाइनप्रिन्टले प्रकाशन गरेको संग्रहमा लाहोर, लन्डन र राजधानीका तीन खण्डका ५४ वटा कविता समावेश गरिएका छन् । संग्रहमा प्रेम, पीडा, देशभक्ति, अध्यात्म र दर्शन लगायतका विषयका कविताहरु समावेश गरिएका छन् । कवितासंग्रह प्रकाशनको उद्देश्य बारे फाइन प्रिन्टका अजित बरालले जानकारी दिएका थिए । 'लाहोर, लन्डन र काठमाडौं तीनै ठाउँमा बस्दा बेलाबखत कविता लेख्ने र कहिलेकाहीँ छपाउने गरेको भए पनि संग्रह प्रकाशित गर्नमा भने कतिपय कविहरूले दिएको प्रेरणा र प्रोत्साहनको ठूलो भूमिका छ', संग्रहबारे मिश्रले भने । पुस्तक बिक्रीबाट उठेको रोयल्टी चितवनको चेपाङ समुदायको हितमा खर्च गरिने जानकारी कविले दिए । पत्रकार मिश्रले यसअघि 'भूमध्यरेखा', 'अर्थहीनताभित्र अर्थ खोज्दा' र 'खान पुगोस्, दिन पुगोस्' कृति बजारमा ल्याइसकेका छन् ।

## ब्युटिसियन नेपालको उपाधि गौरालाई




अमेजन इन्टरटेन्मेन्टको आयोजनामा ब्युटिसियन नेपाल-२०१५ सम्पन्न भएको छ । कुल २८ प्रतियोगी सहभागी कार्यक्रममा ब्युटिसियन गौरा राई क्षेत्री बेष्ट कम्प्लेसन सवटाइटल सहित विजेता बनेकी छन् । प्रतियोगीमा दुर्गा विष्ट फस्ट रनर अप, ज्योति काफ्ले सेकेण्ड रनर अप र जयन्ती लिम्बु थर्ड रनर अप भएका छन् । कार्यक्रममा दुर्गा विष्ट बेष्ट फोटोजेनिक, ज्योति काफ्ले बेष्ट स्माइल, जयन्ती लिम्बु बेष्ट क्याटवाक, कल्पना थापा बेष्ट ड्रेस र मोस्ट स्टाइलिस, सवनम खड्का बेष्ट ट्यालेन्ट, बालु प्रधान श्रेष्ठ बेष्ट पर्सनालिटी, प्रमिला लामा बेष्ट चार्मिङ, रूपा श्रेष्ठ बेष्ट हेयर, गीता श्रेष्ठ मोष्ट डिसिप्लिन, ज्योति गुरूङ मोस्ट पपुलर, कौशीला पौडेल मोष्ट एट्याक्टिभ, विना गेलाल ब्युटिसियन फ्रेन्डसिप, सोनिया तामाङ मोष्ट स्मार्ट, ज्योति शाह मोष्ट इन्टिलिजेन्ट, जुनु श्रेष्ठ मोष्ट ब्युटिफुल, निशा गुरूङ बेष्ट फिगर, सुनिता चौलागाई मोष्ट इनर्जेटिक, निता वज्राचार्य बेष्ट स्कीन, प्रमिला श्रेष्ठ मोष्ट इनोसेन्ट, अनु तामाङ मोस्ट एट्र्याक्टिभ, कविता राई मोष्ट पंचुअल, रविना खाताखो मोष्ट कन्फिडेन्ट, मिरा दुलाल ब्युटिसियन नेपाल कल्चर एम्बासडर, पार्वती थापा मोष्ट लभ्ली, प्रमिला लिम्बु ब्युटी विथ पर्पोज, विष्णु भण्डारी स्ट्रेटफर्वाड र सुशीला सुवालले अमेजन भ्युअर च्वाइस जितेका छन् । हिमानी सुब्बाको कोरियोग्राफी रहेको कार्यक्रममा इलाम, भोजपुर, जनकपुर, हेटौंडा, बुटवल तथा काठमाडौंबाट ब्युटिसियनहरूको सहभागिता रहेको इभेन्ट म्यानेजर कमल खतिवडाले बताए । नायिका मेलिना मानन्धर, मोडल आरजे कला सुब्बा, समाजसेवी खगेस रन्जितकार, सौन्दर्यविद् सोकफी सुनुवार, प्राध्यापक मिसेस हिमालयन मनला दुलाल कार्यक्रममा निर्णायक रहेका थिए ।

## हिमगंगा हीरक महोत्सव



६० वर्ष पुगेको अवसरमा हिमगंगा उच्च मावि साँघुटार रामेछापले 'हीरक महोत्सव २०७१' मनाएको छ । उपप्रधान तथा गृहमन्त्री वामदेव गौतमले यस विद्यालयले देशको शैक्षिक क्षेत्रमा उल्लेखनीय योगदान गरेको बताउँदै यहाँबाट पढेका थुप्रै विद्यार्थीहरु देशको महत्वपूर्ण स्थानमा पुगेको स्मरण गरे । उनले जननायक बीपी कोइराला र मनमोहन अधिकारीलगायतका नेताहरूलाई यही बाटो हुँदै पक्रेर लगेको बीपीको आत्मवृत्तान्तमा आफूले पढेको स्मरण गर्दै यो ऐतिहासिक थलोसमेत रहेकाले यो क्षेत्र निकै महत्वपूर्ण रहेको बताए। कार्यक्रममा गौतमले विद्यालयबाट प्रकाशित 'हीरक महोत्सव स्मारिका-२०७१' लोकार्पणसमेत गरेका छन् । उक्त विद्यालयको स्थापनाकालदेखि हालसम्म विशेष योगदान पुऱ्याउने विभिन्न व्यक्तिहरूलाई सम्मान गरिएको थियो । ओखलढुङ्गाका सभासद् रामहरि खतिवडा, रामेछापका सभासद् श्यामकृष्ण श्रेष्ठ, कमला घिमिरे (सुवेदी) लगायत विभिन्न राजनैतिक पार्टीका जिल्ला नेताहरूले आ-आफ्ना विचार राखेका थिए । विद्यालयले हीरक महोत्सवको अवसर पारेर इन्द्रेणी समूहका राष्ट्रियस्तरका कलाकारहरूबाट सांस्कृतिक कार्यक्रम, विद्यालयस्तर भलिबल रनिङ शिल्ड प्रतियोगिता र तामाकोसी सेवा समिति अस्पतालको विशेष सहयोगमा जर्मन चिकित्सकहरूको संलग्नतामा निःशुल्क दन्त शिविर सम्पन्न गरेको छ ।

## योगगुरु रामदेव नेपाल आउने



संयुक्त राष्ट्रसंघले जुन २१ लाई विश्व योग दिवसका रूपमा घोषणा गरेको अवसरमा भारतीय योगगुरू रामदेव नेपाल आउने भएको छ । योग शिविर संचालन गर्न नयाँ वर्ष २०७२ सालको वैशाख महिनाको दोस्रो साता रामदेव नेपाल आउन लागेका हुन् । वैशाख ११ देखि १५ गतेसम्म काठमाडौंको खुलामञ्चमा हुने पाँचदिने योग शिविरमा रामदेवको विशेष आतिथ्य हुने कार्यक्रम रहेको छ। सोही योग शिविरमा निःशुल्क स्वास्थ्य परिक्षण शिविर पनि हुने भएको छ । स्वास्थ्य परिक्षणका लागि भारतको हरिद्वारस्थित पतञ्जली योगपिठका वैद्यराजहरू योगगुरू रामदेवका साथमा आउने भएका छन् । योग शिविर व्यवस्थापन गर्न गैरआवासीय नेपाली संघका संस्थापक अध्यक्ष उपेन्द्र महतोको अध्यक्षतामा ६१ सदस्यीय आयोजक समिति पनि गठन गरिएको छ ।

## झरनाले रोजिन् अर्बपति दुलहा



चर्चित नायिका एवम् मोडल झरना वज्राचार्यको फागुन २८ गते विवाह भएको छ । सीमित व्यक्तिको उपस्थितिमा नायिका वज्राचार्यको काठमाडौंको सीतापाइलास्थित निवासमा विवाह भएको थियो । मलेसियामा व्यवसाय गर्दैआएका भारतीय धनाढ्य राहुल अग्रवालसँग झरनाको विवाह भएको हो । विवाहको भोलिपल्ट नै झरना दम्पती हनिमूनका लागि पोखरा पुगेका थिए । चलचित्र सेफ ल्याण्डिङ्का सहनिर्मातासमेत रहेका राहुलले मलेसियामा बसेर व्यवसाय गर्दैआएको बताइएको छ । मलेसिया आते-जाते क्रममा झरनासँग राहुलको सम्बन्ध विस्तार भएको र त्यसपछि दुवै नजिकिएपछि विवाह बन्धनमा बाँधिएको भनिएको छ । राहुलसँग प्रेम-रोमान्समा परेयता मलेसिया र नेपाललाई आँगन-पँधेरो गर्दै आएकी झरनाले मलेसियामा योग तथा ध्यानको क्लास पनि लिदै त्यहाँ प्रशिक्षण दिने कार्य समेत गर्दैआएकी थिइन् । केही वर्षअघि झरनाको एक बेलायती नागरिकसँग इन्गेजमेन्ट भए पनि त्यो विवाहमा परिणत हुन सकेको थिएन ।

## सुमिना घिमिरेको पाइलटसँग गोप्य विवाह



नायिका सुमिना घिमिरेको फागुन २५ गते विवाह सम्पन्न भएको छ । नयाँ बानेश्वरको एक पार्टी प्यालेसमा सीमित नेपाली चलचित्रकर्मीहरूको उपस्थितिमा सुमिनाले पाइलट प्रेमी रोशन सापकोटासँग प्रेम विवाह गरेकी हुन् । विवाहलाई अत्यन्त गोप्य राख्ने कोसिस गरेकी नायिका घिमिरेको सिउँदोमा वैदिक परम्पराअनुरूप नै प्रेमी सापकोटाले सिन्दूर भरेर आफ्नो बनाए । एक म्युजिक भिडियोको सुटिङका क्रममा दुवैबीच प्रेम-सम्बन्ध भएपछि दुवैले विवाह गर्ने निर्णय भएलगत्तै सुमिनाले मोबाइल स्वीच अफ गरेर भूमिगत बसेकी थिइन् । जसले गर्दा सुमिना अभिनित चलचित्र रंग-बैजनी र भीमदत्तको प्रमोसनमा समेत असर परेको थियो। विवाहपश्चात नेपाली चलचित्रमा निरन्तरता दिने या नदिने विषयमा सुमिनाले केही बोल्न चाहिनन् । सुमिनाको पति पाइलट रोशन सापकोटाले भने फुर्सद भएको बेलामा म्युजिक भिडियो खेल्ने प्रतिक्रिया दिए ।







# रिलेसनविनाकी वर्षा

पछिल्लो समय सर्वाधिक रूचाइएको चलचित्र 'नाइँ नभन्नु ल' हो । यो सफलताले यस चलचित्रका निर्माता तथा निर्देशक विकास आचार्यलाई यस चलचित्रको सिक्वेल 'नाइँ नभन्नु ल-२' बनाउन करै लाग्यो । जसमा 'नाइँ नभन्नु ल'मा नायिकाकी छोरीलाई तरूनी रोलमा देखाइनु आवश्यक थियो । आमा नायिकामा हट नायिका प्रियंका कार्की फिट भएपछि सोही अनुरूपकी नायिका खोज्ने क्रममा काठमाडौंको मध्यबानेश्वरस्थित एपेक्स कलेजमा बीबीएमा अध्ययनरत वर्षा शिवाकोटी भेटिइन् । त्यसपछि तुरून्तै त्यस रोलमा वर्षालाई अफर गर्ने कार्य भएको थियो । एपेक्स कलेजमा नै आयोजित मिस्टर एण्ड मिस कलेजमा मिस ट्यालेन्टको टाइटल अवार्ड जितेकी वर्षामा ट्यालेन्ट भन्नु नै उनमा निहित डान्स तथा आउटलुक थियो । जसले गर्दा उक्त चलचित्रका लागि फिट बनायो ।

वर्षाकै भनाइमा कहीं कतै एक्टिङ्ग नसिकेकोले प्रारम्भमा एक्टिङ्ग देखेर उनी डराएकी थिइन् । मैले नसक्ने हो कि भनेर बीचमा नै हात उठाउने सोच बनाउन नपाउँदै निर्देशक विकास आचार्यले नानी तिमीले यस चलचित्रमा राम्रो गर्न सक्छौ भनेर हौसला तथा प्रेरणा दिए । त्यसबाट नसोचेको फिल्मलाइनमा एउटै चलचित्रले मज्जाले चर्चामा ल्याइदिंदा यतिखेर वर्षा दंगै परेकी छन् । यसभन्दा अगाडि केही म्युजिक भिडियोमा अभिनय गरे पनि चलचित्र 'नाइँ नभन्नु ल-२' पछि भने हिट गायिका मिलन अमात्यको किन लायौ माया परदेशी तथा विजेश पौडेलको दिन ढलोस्-रात बितोस् बोलका हिट गीतका भिडियोमा अभिनय गरेर लोकप्रियता कायम गर्न सफलता प्राप्त गरिसकेकी छन् । सबैखाले गरेर ४० वटा भिडियोमा अभिनय गरिसकेकी वर्षाले ज्वलेर, साडी, बुटिकलगायतको एडभरटाइजमा मोडलिङ्ग पनि गरिसकेकी छन् ।

पहिलो भिडियो खेल्दा नै १३ हजार पारिश्रमिक पाएको बताउने वर्षा हालसम्म अरूले जस्तो फोकटमा काम गर्न नपरेको गर्वका साथ बताउँछिन् । 'मेरो पहिलो कमाइको केही प्रतिशत आमालाई दिएँ । बाँकी पैसा पहिरनमा नै सकियो', उनले भनिन् । केही समय कन्सलटेन्सी तथा इभेन्ट म्यानेजमेन्टमा जब होल्डर भएर कार्य गरिसकेकी उनी यतिखेर बीबीए क्लियर गरेर बैंकिङ्ग तथा फाइनान्स करियरमा ज्वाइन भएर एमबीए पढ्ने सोचमा रहेकी छन् । यसले गर्दा पढाइबाट बचेको समय मात्र एक्टिङ्ग तथा मोडलिङमा लगाउने र बाँकी सबै समय पढाइमा खर्चिने योजना बनाएकी वर्षा अहिले २३ वर्षको जवानीमा रहेकी छन् । यस जवानीमा समेत कुनै प्रकारको रिलेसनसीपमा नरहेको उनी बताउँछिन् । उनलाई कसैको रिलेसनसीपमा बसेर उनैको अन्डरमा बस्ने मनै छैन । स्वतन्त्र भएर काम गर्न नै रूचाउँछिन् । 'यो मेरो नेचर नै भएकोले मलाई हालसम्म कुनै समस्याको महसुस नै भएको छैन', उनी भन्छिन् । वर्षाकै भनाइमा उनको जिन्दगीमा क्रमिक रूपमा बहार आइरहेको छ । त्यो बहारमा रमाउन जानेकी म रमाइली पनि छु भनेर हसाउन उनी पछि पर्दिनन् ।



मोडल : वर्षा शिवाकोटी (नायिका)
तस्वीर : कविन्द्रमान शाक्य/काठमाडौं क्रेज डटकम
मेकअप : गंगा/जमुना श्रेष्ठ

कभर स्टोरी



# सुन्दरी खेती

## औचित्य र आवश्यकता

पछिल्लो समय फस्टाएको व्यवसायमध्ये एक हो सुन्दरी प्रतियोगिता । आयोजकहरूले सुन्दरी प्रतियोगिताको जे जस्ता उपलब्धिको चर्चा गरेका छन्, त्यो भने हासिल हुन सकेको छैन । सन् १९९४ मा पहिलोपटक सौन्दर्य प्रतियोगिताको नाममा 'मिस नेपाल' आयोजना भएको थियो । त्यसयता यो दुई दशकको अन्तरालमा अनेक नाममा सुन्दरी प्रतियोगिता भइरहेका छन् । विशेषतः महिला र बालबालिका केन्द्रित प्रतियोगिता ह्वात्तै बढेका छन् ।

'मिसेस' र 'लिटिल' जोडिएका सौन्दर्य प्रतियोगिताको संख्या औंलामा गनेर भ्याइँदैन । तर, ती प्रतियोगिताबाट ताज पहिरिएका सुन्दरीहरू यहाँ खोजेर भेटिदैनन् । सौन्दर्य प्रतियोगिता आयोजकले 'सुन्दरी' घोषणा गरेपछि आफ्नो कर्तव्य सकेको ठान्छ । स्टेजमा हाईफाईका साथ ताज भिरेपछि प्रायः सुन्दरीहरूले भन्ने गरेका छन्– 'अब मेरो लक्ष्य समाजसेवा गर्नु हो ।' थोरैले मात्र भन्ने गर्छन्, 'मोडलिङ र अभिनयमा रूचि छ ।' तर, केही अपवादबाहेक न उनीहरूलाई मोडलिङमा देख्न पाइन्छ, न त चलचित्रको पर्दामा नै ।

पहिलो मिस नेपाल रूवी राणा केही समययता ब्युटीपार्लर व्यवसाय तथा कस्मेटिक बिजनेश सम्हाल्दै आएकी छन् । उनको पनि सपना र लक्ष्य समाजसेवा थियो । तर, रूवीको समाजसेवाको लक्ष्य सौन्दर्य व्यवसायीमा बदलिएको छ । अहिले चार दर्जनभन्दा बढी विभिन्न नाम र जातका सौन्दर्य प्रतियोगिता हुँदै आएका छन् । तर, अझै पनि 'मिस नेपाल' कै गरिमा उच्च छ । नेपालमा सौन्दर्य प्रतियोगिताको सुरूवात गरेर यस क्षेत्रमा गरिमा पाएको 'मिस नेपाल' को ताज पहिरिएका सुन्दरीहरूले समेत केही गर्न नसक्दा अन्य विभिन्न नामका सुन्दरीहरूले के गर्लान् त ? तर, आयोजक संस्था गर्न नसक्ने कुरालाई स्वीकार्दैनन् । र, भन्छन्, 'गरेकै छन् । गरिराखेका छन् ।'

मिस नेपालको आयोजक संस्था हिडेन ट्रेजरका मेनेजिङ डाइरेक्टर गीरेन्द्रमान राजवंशी मिस नेपाल नेपाली सुन्दरीहरूको गरिमामय कन्टेस्ट नै भएको जिकिर गर्छन् । मिस नेपालको नेपालमा आयोजना भएयता नेपाली सुन्दरीहरूको व्यक्तित्व विकासमा धेरै नै टेवा पुग्न गएको राय व्यक्त गर्छन् । यसै प्रतियोगितामार्फत नेपाली सुन्दरीहरू विश्वसुन्दरी प्रतियोगितासम्ममा पुगेर नेपालको नाम राख्न सफलता पाएको कुरालाई नकार्न नमिल्ने राजवंशीको आँकलन रहेको छ ।

नेप्लीज फेसन होमले 'मिस नेवाः'लगायत विभिन्न चार प्रतियोगिता गर्दै आएको छ । यस संस्थाकी अध्यक्ष हेमा मानन्धन्धर भन्छिन्, 'मिस







नेवाःले सामाजिक क्षेत्रमा काम गर्दै आएका छन् । अहिलेसम्म १० जना नेवा सुन्दरी छनोट गरेका छौं । तीमध्ये धेरैजसो सामाजिक क्षेत्रमै काम गर्दै आएका छन् भने कुनै सञ्चारमा ।' हुन सक्छ, नेवार सुन्दरीहरु सामाजिक क्षेत्रमा क्रियाशील छन् । तर, सबै त्यस्ता छैनन् । हिडेन ट्रेजरले आयोजना गर्ने 'मिस नेपाल'कै कुरा गरौं । रूवी राणादेखि पछिल्लो 'मिस नेपाल' सुविन लिम्बूसम्म आइपुग्दा २० जना सुन्दरीले ताज पहिरिसकेका छन् । तर, ती २० नेपाल सुन्दरीहरु कहाँ/के गर्दैछन् भन्ने आयोजकलाई समेत थाहा छैन ।

सन् १९९५ की सुन्दरी सुमी खड्का केही समय चलचित्र क्षेत्रमा देखिइन् । तर अहिले उनी गृहिणीमा सीमित भएकी छन् । सुमीपछि क्रमशः नीलिमा गुरूङ, झरना वज्राचार्य, निरू श्रेष्ठ, श्वेता सिंह, उषा खड्की, माल्भिका सुब्बा, प्रीति सिटौला, पायल शाक्य, सुगरिका केसी, सिताष्मा चन्द, जेनिशा मोक्तान, सदीक्षा श्रेष्ठ, मलिना जोशी, सृष्टि श्रेष्ठ, इशानी श्रेष्ठ र सुविन लिम्बूले 'मिस नेपाल' को ताज पहिरिए । यी सुन्दरीहरु केही आफ्नो व्यवसाय सञ्चालन गरिरहेका छन् भने कुनै विवाह गरेर विदेश पलायन भइसकेका छन् । माल्भिका, मलिना र सृष्टि अहिले चलचित्र क्षेत्रमा छन् भने कुनै समय चलचित्र क्षेत्रमा भएकी पूर्वमिस नेपाल झरनाले केही समययता 'योग आश्रम' सञ्चालन गर्दै आएकी छन् । सदीक्षा एक ट्राभल्स एजेन्सीमा जागीर खान्छिन् भने नीलिमा ब्युटीपार्लर र उषाले बुटिक सञ्चालन गर्दै आएका छन् । अन्य सुन्दरी कोही विदेश पलायन भएका छन् भने कुनै विवाह गरेर गृहिणी बनेका छन् । तर, समाजसेवामा कुनै देखिएका छैनन् ।

यसरी ताज पहिरिएका 'सुन्दरी'ले आफ्नै लागि त उदाहरणीय काम गर्न सकेका छैनन् भने देश र समाजका लागि के गर्न सक्लान् त ? यहाँ च्याउसरी उम्रेका इभेन्ट संस्थाहरूलाई मात्र सुन्दरी प्रतियोगिता फापेको छ । उनीहरूका लागि सुन्दरी प्रतियोगिता 'व्यावसायिक' भएको



# ताल नगरीमा अनगिन्ती
# सुन्दरी प्रतियोगिता

समर सिजन सुरू भएको संकेत तालनगरीका सडकमा हिंड्ने युवतीहरूको फेसनले गर्दै छ । छोटा-छोटा पहिरनले पोखरेली बजार तातिँदै छ । पछिल्लो समयमा पोखरा अन्तर्राष्ट्रिय शहरको रूपमा पाइला अघि बढाइरहेको छ । यहाँ संसारका धेरै देशका मानिसहरूको पाइला पर्ने क्रम बढ्दै छ, सँगै फेसन र ग्लामरस पनि । फेरि युवायुवतीले समय अनुसार फेसनमा आफूलाई ढाल्दै पनि आएका छन् ।

सफा र सुन्दर शहरको रूपमा चिनिने पोखरामा सुन्दरीहरूको कुनै कमी छैन । फेसन र ग्लामरसमा अघि छ पोखरा । यहाँका सुन्दरीहरूले कुनै पनि नयाँ फेसनलाई आत्मसाथ गरिहाल्छन् । देशका अन्य शहरको तुलनामा फेसनमा पछि परेको छैन पोखरा । यो शहर फेसन र ग्लामरसको मात्र होइन, सम्भवतः देशमै धेरै सुन्दरी प्रतियोगिता हुने शहर पनि हो ।

विभिन्न इभेन्ट कम्पनी र विभिन्न संघ संस्थाले विभिन्न नामका प्रतियोगिता गर्ने गरेका छन् । व्यक्तित्व तथा नेतृत्व विकास मात्रै होइन आफ्नो जाती र समुदायको हितका लागि पनि पोखरामा सुन्दरी प्रतियोगिता हुन्छन् । फेरि पोखरा यस्तो शहर हो जहाँ वर्षभरिमा धेरै सुन्दरी प्रतियोगिता हुन्छन् । व्यक्तित्व तथा प्रतिभा प्रस्फुटनको लागि यस्ता प्लेटफर्म कतिपयका लागि भविष्य अघि बढाउने राजमार्गको रूपमा पनि सावित हुने गरेको छ ।

सुन्दरी या अन्य ट्यालेन्ट प्रतियोगिता २/३ वटा नभएको महिना हुँदैन भने पनि हुन्छ । विभिन्न इभेन्ट कम्पनीसँगै कयौं जातजातीले प्रतियोगिता गर्न थालेपछि शहरमा सयौं सुन्दरी घोषणा भएका हुन् । मिस पोखराबाट सुरू भएको सुन्दरी प्रतियोगिताको यात्रा अहिले विभिन्न जातजातीको नाममा हुने गरेका छन् । जेसिजको आयोजनामा पहिलो पटक सन् १९९५ मा मिस पोखरा भएको थियो ।

पहिलो मिस पोखराको ताज रिता गुरूङले चुम्न सफल भइन् । जेसिज पोखराका तत्कालीन अध्यक्ष प्रदीप रञ्जितले युवा पुस्ताको प्रतिभा










प्रष्फुटनका लागि सुरूवात गरिएको बताए । 'युथ जेनेरसनलाई प्रतिभा प्रष्फुटन गर्न ढोका खोलेका हौं' उनले विगत सम्झे, 'हामीले स्वस्थ मनोरञ्जनका लागि पनि गरेका हौं ।' मिस पोखराको ताज पहिरिने निलिमा गुरूङले त मिस नेपाल नै बनिन् । मिस पोखराले मिस नेपालमा भाग लिन पाउने व्यवस्था गरिएको थियो ।

देशमा सुरू भएको द्वन्द्वका कारण रोकिएर २०६३ पछि फेरि मिस पोखरालगायत विभिन्न नामका प्रतियोगिता हुन थालेका हुन् । जेसिजको मिस पोखरा पनि स्थगित भयो अनि सन् २०१३ मा फेरि सुरू भएको छ । जेसिज पोखराका हालका अध्यक्ष छवि सुवेदीले यसलाई अब निरन्तरता दिइने बताए । मिस तमु, मिस तमुस्यो, मिस मगर, मिस नेवा, मिस क्षेत्री, मिस ब्राह्मण, मिस थकाली, मिस दलित, मिस डाइनामिक, मिस सुनार विश्वकर्मा, मिस गण्डकी, मिस लेखनाथ, मिस नर्स, मिसेस पोखरा लगायत २ दर्जनभन्दा बढी प्रतियोगिता भएका छन् ।

यस्ता प्रतियोगिताहरु तालनगरीमा कुनै हरेक वर्ष हुने गरेका छन् भने कुनै एक पटक भएपछि हराउने पनि गरेका छन् । सुन्दरी प्रतियोगिता गर्ने आयोजकले आफ्नो जातजाती तथा समुदायको हकहित र अन्य इभेन्ट कम्पनिले विभिन्न सामग्रीको प्रचार प्रसारको लागि गर्ने गरेका छन् । मिस घोषित भएका कतिपय सुन्दरीहरूले सामाजिक हितमा पाइला पनि चालेका छन् ।

मिस सुनार (विश्वकर्मा) २०७१ घोषित भएकी प्रतीक्षा सुनारले केही समयअघि आफ्नो गाउँ तनहुँको बन्दिपुरको प्राथमिक विद्यालयका विद्यार्थीलाई करिब १० हजार रूपैया बराबरको शैक्षिक सामग्री प्रदान गरिन् । 'मिस सुनार मात्र भएर भएन, मेरो समुदायको लागि पनि केही गर्नुपर्ने दायित्व छ' नर्सिङकी विद्यार्थी प्रतीक्षाले भनिन् ।

मिस पोखरा २०१३ को विजेता रश्मि अधिकारी ताज जितेपछि आत्मविश्वास बढ्नुका साथै व्यक्तित्व र नेतृत्व विकासमा पनि सहयोग पुगेको बताउँछिन् । 'ब्युटी प्रिजेन्ट र फेसन ग्लामर फरक हो, म मिस पोखरा भएपछि मेरो आत्मविश्वास पनि बढेको छ अनि व्यक्तित्व विकास पनि भएको अनुभूति गरेकी छु', अधिकारीले भनिन् । पोखरामा सुन्दरी प्रतियोगिताका लागि रविन गुरूङ, सन्जु सुनार, सुरज थापा लगायत कहलिएका छन् । उनीहरूको इभेन्ट कम्पनीले हरेक वर्ष विभिन्न प्रकारका प्रतियोगिता गर्ने गरेका छन् । भिजुअल जोन इभेन्टका सन्जु सुनारले पछिल्लो समयमा विभिन्न जातजातीका प्रतियोगिता बढ्दै गएको बताए । ओम इभेन्ट्सका सुरज थापा सुन्दरी प्रतियोगिता तथा अन्य विभिन्न खालका सांगीतिक कार्यक्रम गर्ने गरेको बताउँछन् ।

पोखरामा बढ्दै गएका सुन्दरी प्रतियोगितामा पछिल्लो समयमा विकृति पनि भित्रिदै गएको कतिपयको बुझाइ छ । प्रतियोगिता धेरै तथा अस्वथ खालका हुने गरेका बताइन्छ । पत्रकार तथा नायक रेम विक बढ्दै गएका विकृति तथा विसंगति हटाउनुपर्नेमा जोड दिन्छन् । 'सहभागीलाई नै टिकट कटाउने, जसले बढी विज्ञापन ल्याउँछ उसैलाई विजेता घोषित गर्ने लगायतका समस्या देखिएका छन्', विकले भने, 'प्रतियोगिताको नाममा विकृति बढ्दै गएका छन्, यस्ता गलत काम रोक्नुपर्ने देखिन्छ ।'

■ **महेशकुमार खाती**





# पूर्वमा प्रायोजक पाउन सजिलो

पूर्वाञ्चलको धरानलाई केन्द्रविन्दु बनाएर विभिन्न सौन्दर्य प्रतियोगिता आयोजना हुने गरेका छन् । तामझामका साथ यस्ता सौन्दर्य प्रतियोगितामा विभिन्न क्षेत्रबाट युवतीहरूको लर्को नै लाग्ने गरेको पाइन्छ । आयोजकको आग्रहमा प्रायोजकले मुख्य प्रायोजन गरेको पाइन्छ भने उनीहरूको मोटो रकमबाटै कार्यक्रम सञ्चालन हुने गरेको छ । आयोजकले विभिन्न संघसंस्थाहरूलाई टिकट कटाएर पनि कार्यक्रम सफल बनाउने सपना देखेका हुन्छन् भने प्रायोजकले निर्धक्कसाथ प्रायोजन गरेका छन् ।

यस्तैगरी जातिय सौन्दर्य प्रतियोगिताको पनि पूर्वाञ्चलमा होडबाजी चलेको छ । मिस लिम्बू आयोजना गर्दै आएको किरात याक्थुङ् युथ एसोशिएसन तथा मिस लिम्बूकी संयोजक मीना सिगक भन्छिन्- 'लिम्बूहरूको संस्कृति, परम्परागत पहिरन, आफ्नो पहिचान बनाउन हामीले मिस लिम्बूको आयोजना गर्दै आएका छौं ।' उता प्रायोजकले भने उनीहरूको कार्यक्रमलाई सफल बनाउन ठुलै धनराशि खर्चेर आफ्नो प्रचारप्रसार गरेको देख्न सकिन्छ । मिस लिम्बूको सुरूवातदेखि नै प्रायोजन गर्दै आएको बराह ज्वलेरी इन्डस्ट्री प्रालिका धरान शाखा प्रमुख तथा प्रालिका संस्थापक मानबहादुर विक भन्छन्- 'लिम्बू चेलीहरूको कला संस्कृतिलाई उजागर गर्न र हाम्रो ब्राण्ड बराह ज्वलेरीलाई कम्पनी ब्राण्ड बनाउनलाई मुख्य प्रायोजक गरेका हौं ।'

पूर्वको ठूलो सौन्दर्य प्रतियोगिता मिस पूर्वाञ्चलमा प्रायोजकको रूपमा रहँदै आएका नेपाल आइस बियर धरानका बजार व्यवस्थापक रन्जीत थापा भन्छन्- 'हाम्रो ब्राण्डको नाम चलाउन पनि हामी मिस पूर्वाञ्चलको मुख्य प्रायोजक बनेका हौं । नेपाल आइसलाई अझ लोकप्रिय बनाउन प्रचार प्रसारले मुख्य भूमिका खेल्छ । हेर्नेले पनि कसले प्रायोजन गरेको रहेछ भनेर हेर्ने गर्छन् । धरानमा अलि नचलेको ब्राण्ड भएकोले पनि हामीले मिस पूर्वाञ्चल लगायत विभिन्न इभेन्टमा प्रायोजन गर्दै आएका छौं ।'

उता आयोजकहरु भने कसरी कार्यक्रम सफल बनाउन सकिन्छ भनेर लागिपरेका छन् । सहारा इन्टरटेनमेन्ट र झापा जिल्ला ट्राभल्स एसोसिएसनको संयुक्त आयोजनामा पहिलो पटक झापाको बिर्तामोडमा हुन लागेको मिस टुरिज्जमका लागि राम्रो प्रायोजकको खोजी भइरहेको आयोजकले बताएका छन् । मिस टुरिज्जमका इभेन्ट म्यानेजमेन्ट सौगात रिजाल भन्छन्- 'कसलाई प्रायोजकको रूपमा राख्ने भन्ने अहिले तय भइसकेको छैन, तर ६,७ वटा कम्पनीसँग कुरा भइरहेकोले जुन राम्रो हुन्छ, त्यसलाई राख्ने हो ।'

रिजाल भन्छन्- 'हामी अरू सौन्दर्य प्रतियोगिताभन्दा अलि फरक गर्न खोज्दै छौं । नेपालको टुरिज्जम क्षेत्रलाई प्रमोशन गर्न हामी लागेका छौं । मिडियामा नआएको नौलो कुरा अबको मिस टुरिज्जमले गर्ने छ । यसबाट आएको नाफा हामी टुरिज्जम क्षेत्रका लागि सहयोग गर्ने छौं ।'

त्यस्तैगरी निरन्तर सञ्चालनमा आएको मिस पूर्वाञ्चलका आयोजक तथा इभेन्ट म्यानेजमेन्ट सौरभ श्रेष्ठ भन्छन्- 'हामी यसपटक अलि फरक तरिकाले गर्ने छौं, यसबाट नाफा भएको केही रकम केही राम्रा कामका लागि हुने छ ।' ताज पहिरिएर बसेका मिस सुन्दरीहरु भने यतिबेला आफूलाई ताज मात्र नभई नाम कमाएकोमा गर्व महसुस भएको अनुभव सुनाउँछन् । धरान-११ घर भई हाल काठमाडौंमा पढ्दै गरेकी मिस पूर्वाञ्चल २०११ की प्रतिभा श्रेष्ठ भन्छिन्- 'अहिलेसम्म राम्रो छ, मोडलिङ क्षेत्रमा जमेकी छु । सबैले चिन्ने भाकी छु, यसमा खुसी लाग्छ । पक्कै पनि यो मेरो जीवनको उपलब्धि हो ।' त्यस्तैगरी धरान घर भएकी मिस पूर्वाञ्चल २०१४ की नेहा बजाज पनि मिस पूर्वाञ्चल भएपछि फरक महसुस भएको बताउँछिन । उनी भन्छिन्- 'सबैले मिस पूर्वाञ्चल भनेर चिन्दा खुसी प्राप्त हुन्छ । मिस पूर्वाञ्चल हुनुको गर्व पनि यही हो र केही गरौं भन्ने मनोबल बढेर आउँछ ।"

मोरङ उर्लाबारी घर भएकी मिस पूर्वाञ्चल २०१४ की नेमिता आङ्बुहाङ् लिम्बूलाई त दोहोरो खुसी भएको बताउँछिन् । उनी भन्छिन्- 'एकदम खुसी लागेर आउँछ किनकि म त मिस लिम्बू त्यसपछि मिस पूर्वाञ्चल भएकी छु । ताज, नाम दाम त छँदै छ तर मिस पूर्वाञ्चल भएपछि देश अनि समाजको लागि केही गरौं भन्ने भावना जागेर आउँदो रहेछ । अहिले मिस पूर्वाञ्चलको टिमसँग मिलेर सक्दो समाजसेवा गर्ने गरेकी छु ।'

काठमाडौंमा मिस नेपाल सुरु हुन थालेदेखि धरानमा पनि बर्सेनि मिस पूर्वाञ्चलको आयोजना हुँदै आएको छ । सुरूवात मिस नेपालबाट भएर अहिले पूर्वमा पनि समुदायस्तरसम्म आइपुगेको छ । मिस राई, मिस लिम्बू, मिस नेवा, मिस आर्यन, मिस बलामी मिस तमु, मिस तामाङ, मिस क्षेत्री, मिस एसएलसी, मिस टुरिज्जम हुने होडबाजी चलेको छ ।

■ **सोहन श्रेष्ठ**



# विगतदेखि वर्तमानसम्म

विविध सुन्दर चिजहरूलाई एउटै ठाउँमा उभ्याउने हेतुले आधुनिक मानव इतिहासमा सन् १८०० पछि जनावरहरूलाई स्टेजमा एकत्रित पार्ने काम हुँदै आएकोमा पछि गएर विभिन्न सामाजिक बाधा अडचनका बाबजुद सुन्दरताको प्रतीक नारीलाई स्टेजमा एकअर्को बीच प्रतिस्पर्धामा उतारी सैन्दर्य प्रतियोगिताको सुरुवात भएको हो । सौन्दर्य प्रतियोगिता यस्तो हो, जहाँ हरेक प्रतियोगीहरूको शारीरिक सुन्दरता, व्यक्तित्व साथै वैद्धिक क्षमताको समेत ख्याल राखिन्छ । कार्यक्रममा निर्णायकहरूले सोधेको प्रश्नको उत्तर तथा प्रतियोगीहरूको स्टेज प्रस्तुतिका आधारमा विजेता तय हुन्छ । आजकल संसारमा बालबालिका, महिला, पुरूष, सांस्कृतिक, सामुदायिक, क्षेत्रीय व्युटी पेजेन्टहरु संचालन भइरहेका छन् । इतिहास तर्फ हेर्दा पहिलो आधुनिक व्युटी पेजेन्टको रूपमा सन् १८५९ मा स्कटल्याण्डमा भएको पहिलो प्रतियोगितालाई लिन सकिन्छ । अमेरिकामा सन् १८५४ मा एक प्रतियोगिताको उद्घोष भए पनि जनविरोधका कारण कार्यक्रम नै स्थगित गर्नु परेको थियो । सन् १८८० को समयमा व्युटी पेजेन्टको लोकप्रियता बढ्नुको साथै १८८८ मा व्युटी क्वीनको आयोजना भएको थियो, जसमा कुल २१ जनामध्येबाट क्रिअल विजेता बनेकी थिइन् । सन् १९२१ मा अमेरिकामा भएको प्रतियोगिता पश्चात व्युटी पेजेन्टले आधुनिकतातर्फ फड्को मारेको भन्ने गरिन्छ । सन् १९२० ताका ब्रिटेन तथा जर्मनीमा पनि व्युटी पेजेन्टहरु हुने गरेका थिए ।

अन्तर्राष्ट्रियस्तरका व्युटी पेजेन्टको सुरूवाट भने सन् १९५१ मा मिस वर्ल्ड भएबाट सुरू भएको हो । १९५२ मा मिस युनिभर्स भएपछि संसारले आज व्युटी पेजेन्टमा विविधता पाउन थालेको हो । व्युटी पेजेन्टको समाचारहरु विविध पत्रपत्रिका तथा रेडियो, टेलिभिजनमा आए पनि सन् १९५९ मा बिबिसीले पहिलो पटक पुरै मिस वर्ल्डको प्रत्यक्ष प्रसारण सुरू गरेको हो । पछि १९६० बाट मिस इन्टरनेसनल र सन् २००१ बाट मिस अर्थ सुरू भएपछि यिनै चार प्रतियोगितालाई संसारकै उत्कृष्ट प्रतियोगिताको रूपमा लिइन्छ । नेपालको परिपेक्ष्यमा भन्नु पर्दा सन् १९९४ बाट सुरू भएको मिस नेपाल नै नेपालको जेठो प्रतियोगिता हो, जसमा रूवी राण विजेता भएकी थिइन् । सन् १९९७ मा झरना वज्राचार्यले मिस वर्ल्डमा भाग लिएकी थिइन् । यसअघिका मिस नेपालले मिस एसिया प्यासिफिकमा भाग लिएपश्चात् अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाल सहभागी भएको हो । हाल नेपालमा वार्षिक रूपमा ६० भन्दा बढी व्युटी पेजन्टका टाइटलहरु चल्दछन् । जसमा राष्ट्रियस्तरका कार्यक्रम, पुरूषका कार्यक्रम, विवाहित महिलाका कार्यक्रम, बालबालिकाका कार्यक्रम, क्षेत्रीय, साँस्कृतिक, सामुदायिक तथा पेसागत व्युटी पेजेन्टहरु हुने गरेका छन् ।

**हिमानी सुब्बा**

छ । उनीहरूले उत्पादन गरेका सुन्दरी 'कोष्टभित्रका सुन्दरी' भएर हराउँदै आएका छन् । 'मिस मंगोल', 'मिस तामाङ', 'मिस राई', 'मिस लिम्बू', 'मिस गुरूङ'जस्ता जातजातीका मात्र नभएर 'मिस टिन', 'मिस इन्टरनेशनल', 'मिस हेरिटेज इन्टरनेशनल' 'मिस टिनएजर्स नेपाल' जस्ता सुन्दरी प्रतियोगिताको ताज पहिरिएका सुन्दरीहरु कार्यक्रम सकिएको एक सातापछि चर्चाविहीन हुन्छन् ।

आयोजकले प्लेटफर्म दिनका लागि भने पनि कार्यक्रम सकिएपछि वास्ता गर्दैनन् । एक आयोजक भन्छन्, 'सधैं उनीहरूको पछि लागेर पनि काम छैन । हामीले बाटो देखाउने काम मात्र गरेका हौं ।' राजधानीमा आधा दर्जन संस्थाले तीन दर्जन सुन्दरी प्रतियोगिता गर्दै आएका छन् । साथै, विदेशिएका युवाका श्रीमतीलाई लक्ष्य गरेर 'मिसेस' जोडिएका सुन्दरी प्रतियोगिता थुप्रै हुने गरेका छन् । उनीहरूले उपाधिपछि त्यसको उपलब्धि नहेर्ने र तालिम खर्च, फोटोसुट, ड्रेसलगायत शीर्षकमा लिइने शुल्क सजिलै हात पर्ने भएकाले सौन्दर्य प्रतियोगिताका आयोजकहरु त्यतातिर लागेको देखिन्छ ।

यस्ता प्रतियोगितामा विश्वासको संकट छ । अझ भन्ने हो भने करिब ६० प्रतिशत सुन्दरी प्रतियोगिता नियोजित हुन्छन् । अन्तिम स्पर्धा भनिएको दिन मञ्चको अग्रभागमा सहभागीहरु एक-अर्कालाई उछिन्न होडबाजी गरिरहेका हुन्छन् भने पछिल्लो भागमा ताजको लिलाम बढाबढ चलिरहेको हुन्छ । यस्ता थुप्रै उदाहरण छन्, जसका कारण कुटाकुटसमेत भएका छन् । ६० प्रतिशत आयोजकका नजिकका जज राख्ने र ४० प्रतिशत मात्रै प्रसिद्ध व्यक्ति राख्ने संस्कारजस्तै छ, जसले चाहेको प्रतियोगीले सजिलै नतिजा आफ्नो पक्षमा पार्छ । प्रतियोगितामा पैसाको चलखेल सीधै हुँदैन । कतिले टिकट धेरै बेच्नेलाई उपाधि दिलाएर घुमाउरो तरिकाले आर्थिक चलखेल गरेका हुन्छन् । यसबाट उनीहरूले राम्रो आम्दानी पनि गर्दै आएका छन् । तर, यो कुरा प्रतियोगीले बुझ्न सकेका छैनन् । 'सुन्दरी' को बिल्ला पाइने आशाले उनीहरूले आयोजकले भनेअनुसार पैसा तिर्दै आएका छन् । तर, यसअघिका 'सुन्दरी' ले के पाए भन्ने उनीहरु सोच्दैनन् । त्यसैले पनि सौन्दर्य प्रतियोगिताले फस्टाउने मौका पाएको छ ।

■ **एमपी सुब्बा**

# समर फेसनको तरंग

नायिका, मोडल एवम् सौन्दर्य व्यवसायी रेखा घिमिरेलाई जाडो यामभन्दा सर्मी अर्थात् समर मौसम अत्यन्त मन पर्ने गरेको छ । जाडोमा चिसोले गर्दा केही काम गर्न कठिनाइ हुने भएबाट समर मौसम सहज लाग्ने गरेको र चाहेअनुसारको लुज तथा फिटिङ्स फेसन गर्न पाइने भएकोले समर मन पर्ने उनले खुलासा गरेकी छन् । जाडोमा सर्ट ज्याकेट तथा टोपी र कालो गगल्स लगाउन मन पराउने उनी समरमा कटनको टप्स् र क्वाटर पाइन्ट नै बढी प्रयोग गर्ने गरेको बताएकी छन् । हेभीभन्दा लाइट मेकअप गर्न उनी बढी मन पराउने गर्छिन् ।

हाल नेपालमा भन्दा देश-विदेशका महंगा प्रोग्राम तथा भारतको प्रान्तीय भोजपुरी फिल्महरूमा व्यस्त नायिका जेनिशा केसी समरमा सामुद्रिक तटहरूमा मज्जाले पातला पहिरन लगाएर रमाउनुको बेग्लै मज्जा हुन्छ भन्छिन् । लण्डनमा सुटिङ्ग भएको चलचित्र आधी-बाटोमा त्यहाँको समुद्रमा हल्का पातलो समिज तथा क्वाटर पाइन्ट लाएर सट दिएको त्यो क्षण समर सिजनको अत्यन्त रमाइलो पल भएको उनले बताएकी छन् ।

जेनिशा भन्छिन्- 'मलाई एक्सपोजर ग्लेमर दिन बढी रहर भएकोले अरू मौसमभन्दा समर नै मन पर्दछ । जाडोमा चाहेर पनि यस्तो गर्न सकिंदैन । त्यसमाथि मेरो शरीर नै मलाई गर्मी लाग्छ । त्यसकारण मोटा तथा बाक्ला लुगा लगाउन नै सक्तिन । पातला फेसनेबल पहिरन नै मलाई मन पर्दछ । आई लाइक समर सिजन एण्ड आइ लव समर ।'

विजनेश वुमन सन्जु खड्का यो समरमा हेभी मेकअप गर्दिनन् । प्रायः विजनेश कार्यक्रमहरूमा बाहिर निस्कदा सामान्य मेकअपमै निस्कने गरेको खड्काले भनेकी छन् । मेकअपमा उनी गाजल कहिल्यै छुटाउँदिनन् । भन्छिन्- 'मेरो स्किन टोन डार्क भएकाले फ्लोरेलको गाजल लगाउँछु । यो गाढा कालो हुने भएकाले मलाई सुहाउँछ । यसका साथै लिपिस्टिक तथा सन क्रिम मेरा नियमित प्रसाधन हुन् । विभिन्न समारोह तथा इभेन्ट हेरेर पनि मेकअपमा ध्यान दिनुपर्ने भएकाले अन्य सामग्री थप हुनुलाई म स्वाभाविक मान्छु । मेरो केश न्याचुरल कर्ली भएकाले हेयर स्टाइल प्रायः खुल्ला नै छोड्छु ।'

समरको पहिरनमा एसेसरिज मिलाएर लगाउने ट्रेन्डको पनि हाल आएर निक्कै विकास हुँदै आएको छ । एसेसरिज र पहिरन एउटै हुँदा लगाएका सबै कुराले व्यक्तित्वमा निखार ल्याउने सुन व्यवसायी सुन्दीप शाक्य बताउँछन् । व्यवसायी शाक्यले सुनका गहना कहिल्यै नलगाउनेहरु पनि अचेल ह्वाइट गोल्ड लगाउने फेसन चल्न थालेको जानकारी दिएका छन् । हातमा ब्रासलेट अथवा डिजाइनर चुरा लगाउने विजनेश वुमन तथा सेलिब्रेटीदेखि सर्वसाधारणसम्म हाल फेसनको रूपमा विकास भइसकेको उनको दाबी छ ।

नायिका केकी अधिकारी पनि सुनको गहनाभन्दा व्हाइट गोल्ड लगाउन रूचि राख्ने गर्छिन् । एउटा नेक पिस भने आफूसँग रहेको बताउने उनी रेवान, अर्मानी आदिका सन ग्लास लगाउने गर्छिन् । बाहिर हिंड्दा भने एचएनएमको ठूलो ब्याग बोक्ने गरेकी उनको उक्त ब्यागमा हरदम केही कस्मेटिकलगायत अत्यावश्यक सामानहरु हुने गर्दछ ।



रेखा घिमिरे
मोडल एवम् सौन्दर्यविज्ञ

### सही समर अन्डर गार्मेन्ट्स

समरको यो मौसममा सही आकारको अन्डर गार्मेन्ट्स लगाउनुपर्छ । प्रायः महिलाहरु गलत साइजको ब्रा लगाउँछन् । जसको कप अत्यन्त सानो हुन्छ । त्यसबाट न पर्फेट सेप प्राप्त हुन्छ न सही लुक्स, तसर्थ उपयुक्त अन्डर गार्मेन्ट्स लगाउनुपर्छ । स्ट्रेट लाइन न्यारो ज्याकेट्स डार्क जिन्सका साथमा लगाउनुपर्छ । यसले स्लिमर लुक दिन्छ । त्यसको लागि सही फेब्रिकको छनोट गर्नुपर्छ । कतिपय फेब्रिक फुलेका जस्ता देखिन्छन् र तिनले हेभी लुक प्रदान गर्छन् । त्यस्ता फेब्रिकबाट जोगिनुपर्ने पाटनको पुलचोकस्थित अण्डर गार्मेन्ट्स वेयर व्यवसायी तथा स्टाइलिष्ट सुषमा राणा बताउँछिन् ।

व्यवसायी तथा स्टाइलिष्ट राणाका अनुसार कतिपय फेब्रिक पातला हुन्छन् । यिनको फल पनि राम्रो हुन्छ जसले स्लिम लुक प्रदान गर्छन् । ब्राइट कलर र ठूल्ठूला प्याटनर्सले हेभी लुक प्रदान गर्छन् । स्ट्राइप्समा पनि होरिजेन्टल स्ट्राइप्ड लगाउनु हुँदैन । शरीरको कम्मरभन्दा मुनिको भाग हेभी छ भने डार्क कलर्सको जिन्स वा स्कर्ट



सुषमा अधिकारी
मोडल

# फेसनमा फड्को



विष्णु पुरूष
फेसन व्यवसायी

नेपाली फेसन बजारको ३५ देखि ४० प्रतिशत मागको आपूर्ति काठमाडौंको न्यूरोड रञ्जना गल्लीको होलसेल बजारबाट पूर्ति हुने गरेको तथ्य सार्वजनिक भएको छ । एक दशकयता न्यूरोडको उक्त फेसनको होलसेल बजारबाट देशैभर फेसनेबल पहिरन निर्यात हुने गरेको नेपाल व्यापार संघका केन्द्रीय सदस्य विष्णु पुरूषले हट नेपाललाई बताए ।

नेपाल तयारी पोशाक धुलाई संघका सदस्य समेत रहेका फेसन व्यवसायी पुरूषले नेपालमा तयारी पोशाक उद्योगहरूको संख्या ४ हजार २ सय ६६ को हाराहारीमा रहेको र न्यूरोडमा मात्र तयारी पोशाक व्यापारीको संख्या करिब ६ हजार ४ सय रहेको जानकारी दिए । नेपालको समग्र बजारमा प्रतिदिन २ अर्बको आयात व्यापार भइरहेको र नेपालबाट ३० करोडको मात्र निर्यात भइरहेबाट दैनिक १ सय ७० करोडको घाटा रहेको व्यवसायी पुरूषले बताएका छन् ।

तयारी पोशाकको आत्मनिर्भरता एक दशकको तुलनामा वर्तमान अवस्थामा निक्कै सुधार आएको पाइएको छ । सरकारले सही नीति तथा नियम तय गरेमा फेसनको आयातमा निक्कै कटौती हुने फेसन व्यापारीहरूको राय छ । नेपाल बेरोजगार युवा संघका अध्यक्ष चन्द्रबहादुर थापाका अनुसार नेपालमा १ करोड १५ लाखको हाराहारीमा बेरोजगार युवाहरु रहेका छन् । राजधानी काठमाडौंमा मात्र २५ लाख बेरोजगार युवाहरु रहेको आंकडा अध्यक्ष थापाले दिएका छन् ।

यो आँकडालाई केही हदसम्म न्यूनिकरण गर्ने कार्यमा नेपाली फेसन बजार लागिरहेको फेसन व्यवसायी भरत खरेल बताउँछन् । शैक्षिक बेरोजगारहरूको संख्या प्रत्येक वर्षजस्तो वृद्धि भइरहेको छ । किताबी शिक्षाबाहेक व्यावसायिक शिक्षा नपाएका ती बेरोजगार युवाहरु नेपाली फेसन बजारमा हाल आएर व्यवसायीको रूपमा देखिन थालेका छन् ।

व्यावसायिक सीप नसिकेका शैक्षिक बेरोजगारहरूलाई सीप सिकाएर उद्यमशील बनाउने कार्य उद्योग मन्त्रालयबाट भइरहेको उद्योग विभागका उद्योग अधिकृत सुचित्रा राईले बताइन् । यसतर्फ घरेलु तथा साना उद्योग विभाग निकै क्रियाशील रहेको अधिकृत राईले खुलासा गरेकी छन् । विभिन्न संघ-संस्था मार्फत विभिन्न सीप सिकाउने कार्य भइरहेको समेत राईले बताइन् । त्यसमा पनि नेपाली फेसन बजारमा यसप्रकारका सीपमूलक उद्यमशील तालिमबाट निकै नै टेवा दिइरहेको जिकिर पनि राईको छ ।

केही वर्षअगाडिसम्म पनि नेपाली तयारी पोशाक उद्योगहरूमा भारतीय कालिगढहरूको मात्र बर्चश्व हुने गरेकोमा अहिले नेपालीहरूको संख्यामा पनि क्रमिक वृद्धि भइरहेको बीएसएस तयारी पोशाक उद्योगका प्रबन्धक सुशील श्रेष्ठ सुनाउँछन् । न्यूरोड रञ्जना ट्रेड सेन्टरमा फेसन व्यवसायको होलसेल व्यापार गर्दैआएकी जिन्स वर्ल्ड फेसन हाउसकी सीइओ कल्पना श्रेष्ठ नेपालमा नै उत्पादन भएका नेपाली फेसनको बजार राम्रो भइरहेको दाबी गर्छिन् ।

केही वर्षअगाडिसम्म नेपालमा चिनियाँ पहिरनको निकै आयात हुने गरेकोमा हाल ३५ प्रतिशतसम्म कमी आइसकेको श्रेष्ठ जानकारी दिन्छिन् । नेपालीहरूले विदेशमा निर्मित फेसनेवल पहिरनभन्दा अचेल नेपालमा नै उत्पादन भएका नेपाली पहिरन मन पराउन थालेका छन् । विदेशी मात्र टिकाउ हुन्छ र ब्राण्डेड हुन्छ भन्ने पुरानो मानसिकतामा परिवर्तन आइसकेको छ । नेपालमा नेपालीले बनाएको फेसनप्रति नेपालीको आकर्षण पहिलाको तुलनामा निक्कै वृद्धि भइसकेको नेपालका प्रसिद्ध फेसन डिजाइनर राजेश धाख्वाले पनि स्वीकारेका छन् ।

धाख्वाका अनुसार नेपालमा डिजाइन भएका र उत्पादन भएका फेसनेवल पहिरन स्पेन, अमेरिका, अष्ट्रेलिया, बेलायत लगायतका मुलुकमा समेत नियमित रूपमा निर्यात हुन थालेका छन् । युरोपतिर त नेपालमा उत्पादन भएका नेपाली फेसनेवल पहिरनको निकै माग भएको नेपाली फेसनको निर्यातकर्ता समेत रहेका विष्णु पुरूष बताउँछन् ।

लगाउनुपर्छ । शरीरको माथिल्लो भाग हेभी छ भने डार्क कलरको टप्स लगाउनुपर्छ । धेरै लुज फिटिङ वा टाइट फिटिङ लगाउनु ठीक होइन । यसबाट अझ बढी हेभी देखिन्छ ।

बडी टाइपअनुसार कर्भी हुनुहुन्छ भने स्ट्रेट वा बेल्ड स्टाइल बढी प्रयोग गर्नुपर्छ, नेचुरल लुकिङ सोल्डर पेडिङ छनोट गर्नुपर्छ । फ्लेप वा प्याच पकेट्स, हाई नेकलाइन तथा फिटेड पहिरन । होचो हुनुहुन्छ भने घुँडासम्म लामो कुनै पनि पहिरन छनोट गर्न सकिन्छ । ब्रेसलेट स्लिप्सयुक्त कोटले पनि टल लुक प्रदान गर्छ । आफ्नो स्टाइललाई हाइट दिन अम्पायर वेस्ट्स वा बेल्टको प्रयोग गर्नुपर्छ । डिटेल्ड नेकलाइन्सबाट पनि हाइट प्राप्त गर्न सकिन्छ ।

लङ कोट, डबल लेयर तथा भोल्युम एड गर्ने खालको एवं डिटेल्ड स्टाइल्स र काँधको चौडाइ कम छ भने डिफाइन्ड सोल्डर भएका टप्स तथा कोट लगाउनुपर्छ । प्याडेड सोल्डर छ भने अझ राम्रो हुन्छ । चौडा नेकलाइन प्रयोग गर्नुपर्छ । आफ्नो आउटफिटको मुनिको भाग माथिल्लोको तुलनामा कम चौडा राख्नुपर्छ । बेल्ट लगाउनुपर्छ ।

ड्रप्ड स्लिब्स र सोल्डर्स, अनस्ट्रक्चर्ड स्टाइल्स, जसले फेब्रिकलाई नेचुरल सोल्डर लाइनमा फिट गराउँछ वा त्यस्तो स्टाइल र फेब्रिकबाट जोगिनुपर्छ, जसबाट नेचुरल सोल्डर स्पष्ट देखिन्छ । काँध बढी चौडा छ भने अनस्ट्रक्चर्ड टप्स वा ज्याकेट लगाउनुपर्छ । लेन्थ मिड हिप वा त्यसभन्दा थोरै बढी राख्नुपर्छ । भी–नेक न्यारो कोलर्सका साथ उपयुक्त मानिन्छ । हाई वा क्लोज नेक स्टाइल, स्ट्रक्चर्ड सोल्डर स्टाइल तथा पेटेड सोल्डर्स तथा ब्रेस्ट सानो छ भने खुल्ला चौडा गला भएका टप्स वा कोट लगाउनुपर्छ । माथिको भाग डबल लेयर्ड भए अझ राम्रो हुन्छ । धेरै बढी बक्स वा स्क्वायर सेपबाट जोगिनुपर्छ ।

ब्रेस्ट हेभी छ भने सिंगल लेयर्ड टप लगाउनुपर्छ । डिप भी–नेक न्यारो गलाका साथमा लगाउनुपर्छ । फिटेड बेस्ट पनि प्रयोग गर्न सकिन्छ तर त्यो धेरै हाई नहोस् भन्ने कुरामा ध्यान पुऱ्याउनुपर्छ । हाई नेकलाइन, फुल स्लिब्स, प्याच पकेट्स तथा डबल लेयर्ड टप्स र टमी लुक छ भने स्ट्रेट कट ड्रेस उपयुक्त हुन्छ वा हल्का ए–कट डिजाइन प्रयोग गर्नुपर्छ । मिड हिप लेन्थको टप पनि उपयुक्त हुन्छ । टप वा ज्याकेटमा ओभरसाइज्ड बटन हुनुहुँदैन । धेरै फिटिङ पहिरन विशेषगरी कम्मरमा फिटिङ, पकेट वा डिजाइन्स भएको राम्रो हुन्छ ।

## करेक्टिभ मेकअप

यो समरमा मेकअपले ठूली भूमिका निर्वाह गर्ने गर्दछ । सकभर अनुहार तथा शरीर सुहाउँदो मेकअप गर्नुपर्ने सौन्दर्यविज्ञ विनीता श्रेष्ठको भनाइ छ । प्रकृति प्रदत्त शारीरिक कमी–कमजोरीलाई मेकअपका माध्यमबाट लुकाउन सकिन्छ । कुनै नमिलेको भाग मिलाउन सकिन्छ ।

आफूमा भएको कमजोरी लुकाउन तथा आफ्नो सुन्दरतामा निखार ल्याउन मेकअपले जादुको छडी जत्तिकै काम गर्ने सौन्दर्यविज्ञ श्रेष्ठले भनेकी छन् । करेक्टिभ मेकअपको माध्यमबाट हलुका सेड तथा विभिन्न रंगको सहयोगले आफ्नो अनुहारको फिचर्सलाई निखार्न सकिन्छ ।

अनुहारलाई नापतौल गरी नयाँ रूप दिन सकिन्छ । मेकअपको सहायताले पातलो ओठलाई मोटो देखाउन सकिन्छ । आँखीभौं फरक–फरक छ भने त्यसलाई मिलाउन सकिन्छ । मेकअप करेक्टरको सहायताले अनुहारमा भएका कुनै पनि दोषलाई हटाउन सकिने सौन्दर्यविज्ञ श्रेष्ठ बताउँछिन् । उनी करेक्टिभ मेकअपको प्रयोगबाट अनुहारमा भएका कतिपय दाग कम गर्न सकिने दाबी गर्छिन् ।

## समरमा सुन्दर शरीर

समरमा जोकोही पनि सुन्दर बन्न चाहन्छन् । जाडो याममा छोपिएको सुन्दरतालाई सकभर यो समरमा खुल्ला राख्ने चाहना हरेक महिला तथा पुरूषमा हुने गरेको हेयर स्टाइलिष्ट राजु नापित बताउँछन् । त्यसमाथि समरको गर्मीमय दैनिक भागदौड, घाम एवं प्रदूषण आदिबाट अनुहार तथा शरीरको छालालाई जोगाउन महिला तथा पुरूषहरु अनेकौं सौन्दर्य प्रसाधन प्रयोग गर्छन् । बजारमा उपलब्ध ती रसायनयुक्त सौन्दर्य प्रसाधनले छालालाई हानि पुऱ्याउने धेरै संभावना रहने गर्दछ ।

दागरहित चम्किलो छालाका लागि गुलाबजल, बदाम, केसर तथा चन्दनजस्ता प्राकृतिक तत्वहरु प्रयोग गर्नु हानिरहित एवं सौन्दर्यका लागि प्रभावकारी हुन्छ । सकभर समरमा सुन्दरताको लागि प्राकृतिक सौन्दर्य प्रसाधनहरु प्रयोग गर्नु नै निकै राम्रो हुने अर्का सौन्दयविज्ञ मीना गुरूङ बताउँछिन् ।

**■ श्याम स्मृत**



सगुन शाही ठकुरी
मोडल एवम् नायिका



# सुदूरपश्चिमका सागर

सुदूर पश्चिम नेपालको डडेलधुरामा जन्मेका २० वर्षीय तन्नेरी सागर जोशीको सोच डेन्टिस बन्नु हो । डेन्टिस अर्थात् दाँतको डाक्टर बन्ने सानैदेखिको चाहनाले साइन्स पढेका जोशीले साइन्समा ब्याचलर पनि गर्दै छन् । बीडीए पढ्ने धोको पूरा गर्नका लागि त्यसको लगभग तयारी पूरा गर्ने क्रममा रहेका छन् ।

समय र धनले साथ दिएमा भविष्यको दाँतको डाक्टर बन्ने लक्ष्य राखेका उनी यतिखेर धनगढीको रेडियो धनगढीमा कार्यरत छन् । अनप्लग कार्यक्रम प्रस्तोता बनेर धनगढीमा नाम कमाएका उनले विभिन्न सांगीतिक कार्यक्रम चलाउने पनि गर्दछन् ।

गीत पनि गाउने सौख पालेका सागर गायन प्रतियोगितामा कलेजमा कलेज आइडल टप १० समेत बनेका थिए । सानैबाट स्कुल पढ्दा स्कुलमा समेत एङ्करिङ्ग गर्ने गरेको त्यो पललाई उनले सम्झिरहन्छन् । सोही अनुभवले रेडियोमा कार्यक्रम चलाउन पनि सजिलो भएको यथार्थ उनी सुनाउँछन् ।

धनगढीको रेडियोमा श्रोताहरूको प्रिय आरजे बन्न पाएकोमा उनी मक्ख परेका छन् । यसरी नै सबै क्षेत्रमा सबैको प्रिय बन्ने प्रयासमा आफू कम्मर कसेर लाग्ने उनले बताए ।



हट नेपाल मासिकले कलाक्षेत्र (अभिनय, मोडलिङ, संगीत) मा आउन चाहनेहरूका लागि सहजकर्ताको काम गर्नेछ । हाम्रो फेसबुक पेज www.facebook.com/hotnepalmagazine को इनबक्सभित्र आफ्नो फोटो र विवरण पठाउनुहोस् । त्यसलाई हामी फेसबुक पेजमा पोष्ट गरिदिन्छौं । एक महिनाको अवधिमा बढी लाइक पाउने एक जनाको अन्तरवार्ता हट नेपालमा प्रकाशित गरिनेछ । त्यसैले आफ्नो विवरण, फोटो र इमेल तथा सम्पर्क ठेगाना पठाउनुहोस् । तपाईंको रूचिलाई हामी सार्थक बनाइदिने छौं । – सम्पादक




तस्वीर : आशाकाजी महर्जन

# मेहनतको प्रतिफल मोमोतारो



मध्य-पश्चिम नेपालको दाङको सुन्दर ग्रामीण वस्ती सोनापुर उर्वर भूमि हो । सुन फल्ने सोही क्षेत्र थारूहरूको जन्मभूमि अनि कर्मभूमि पनि हो । यही सोनापुर गाउँमा जन्मेका ४६ वर्षीय पुरन चौधरी यतिखेर गाउँकै इज्जत बनेका छन् । पिछडिएका गाउँका कतिपय थारूहरूलाई शहर ल्याएर रोजगारी दिएका छन् । कर्मवीर बनाउन सफल भएका छन् । पिछडिएको आफ्नो जातिलाई उत्थान गर्ने कार्य पुरनले गरिरहेका छन् ।

काठमाडौंको ठमेल, सुन्धारा, ललितपुरको सानेपा र पोखराको लेकसाइडमा पुरनले विस्तार गरेको मोमोतारो रेष्टुरेन्टमा सोनापुर गाउँकै थारू गाउँलेहरूलाई काम दिएका छन् । गाउँमा खेती-किसानी मात्र गर्ने थारू गाउँलेलाई शहर ल्याउने कार्य पुरनबाट भएको छ । उनीहरूलाई रेष्टुरेन्ट व्यवसायको इलम सिकाए । एकबाट दुई गरेर झण्डै पचासभन्दा बढीलाई रोजगार दिन सफल पुरनको धारणा छ- 'आफ्नो गाउँ आफैले बनाउनु पर्छ, अरूको मुख ताकेर हुँदैन ।'

गाउँ बनाउन सर्वप्रथम त्यहाँ बस्ने गाउँलेको जीवन उकास्नु पर्दछ । पुरातन खेती-किसानीमा मात्र सीमित पारेर राख्नुहुन्न । उनीहरूलाई संसार देखाउनु पर्दछ । संसार चिनाउनु पर्दछ । त्यसको लागि पहिला इलम सिकाउनु पर्दछ । इलम सिकेपछि काम जानिन्छ । काम जानेपछि कमाइन्छ । कमाएपछि उनीहरूको जीवन आफसे आफ उक्सिन्छ । सधैं गाउँको ठूलाठालूको हली भएर बस्नु पर्दैन । पढाइ-लेखाइ गरेर ठूलो मान्छे बन्न र बनाउन सकिन्छ । यही उद्देश्य बोकेर दाङको सोनापुरबाट काठमाडौं आउँदा पुरनको खल्तीमा जम्मा अढाई सय रूपैयाँ मात्र थियो । त्यति रकमबाट करिअर सुरू गरेका पुरनले काठमाडौंमा गाउँकै एक ठूलाको घरमा केही दिन काम गरे । त्यसपछि एक होटलमा काम गर्न थाले । बिहान पढ्ने अनि दिनभर काम गर्ने उनको नियमित रूटिङ थियो । उक्त रूटिङमा कडा मेहनत





गरेर पाटनको त्रिपद्म स्कुलबाट एसएलसी पास गर्दासम्म उनी राम्रो कुक बनिसकेका थिए ।

सोही क्रम-उपक्रममा फेमिली गेष्ट हाउसमा हेडकुक बने । जापानी पर्यटकहरूको भीड लाग्ने उक्त गेष्ट हाउसमा प्रायः जापानी पुरनको कुकिङ सर्भिसबाट निकै प्रभावित भए । ती जापानीलाई नेपाली तथा थारू खानाको मीठो स्वाद चखाउने र जापानी फुडमा पनि बेग्लै परिकार बनाएर खुसी पार्ने कार्य उनीबाट भयो । त्यसमाथि फेमिली गेष्ट हाउस अन्तर्गतकै फेमिली सोसियल सर्भिसबाट गरिने सोसियल सर्भिसमा उनको प्रत्यक्ष सहभागिता रहने गर्दथ्यो । जहाँबाट जापानीहरु कहिले काभ्रेको विकट भूमलु डाँडा त कहिले नुवाकोटाको भीरपाखामा रहेका स्कुलमा सहयोग गर्न पैदलै जाने गर्दथे । ती सहयोग कार्यमा स्थलगत रूपमा पुग्ने पुरनले आठ घण्टा लगातार उभिएर पकाउने काम पनि गरेका थिए ।

उनको यस किसिमको मेहनत र सीपबाट प्रभावित जापानीले उनलाई तीन महिना जापान समेत लगे । त्यहाँ थप जापानी फुड कुकिङको तालिम दिएर नेपाल फर्काए । नेपाल फर्केयता सानो स्केलबाट काठमाडौंको पर्यटकीय नगरी ठमेलमा मोमोतारो रेष्टुरेन्ट स्थापना गरे । ठमेल आउने प्रायः जापानी उनको उक्त रेष्टुरेन्टमा जापानी, चाइनिज तथा नेपाली स्वाद चाखेर जान थाले । चाइनिज खाना बनाउने तौर-तरिका पनि उनले जापानबाटै सिकेर आएका हुन् ।

जापानमा समेत पुरनको मोमोतारो रेष्टुरेन्टको नाम चल्न थाल्यो । जापानी दन्त्यकथाको एक पात्र मोमोतारोको नामबाट रेष्टुरेन्टको नाम राखेबाट जापानीहरु यसप्रति अझ आकर्षित बने । ठमेलपछि अर्को पर्यटकीय नगरी पोखराको लेकसाइडमा मोमोतारोको अर्को शाखा रेष्टुरेन्ट खोल्न उनी सफल भए । तेस्रो शाखा ललितपुरको सानेपामा खोलेपछि काठमाडौंको सुन्धारास्थित सिभिल मलभित्र फुडल्याण्ड अन्तर्गत मोमोतारोको पछिल्लो शाखा खोल्न पनि सफलता पाए ।

मोमोतारो नामबाट चारवटा रेष्टुरेन्ट खोलेयता चितवनको सौराहामा पनि गत वर्षबाट मोमातारो रेष्टुरेन्टको शाखा विस्तार गरिसकेका छन् । पुरनको भनाइ छ- 'कोसिस गर्नेहरु कहिले पनि हार खाँदैनन् ।' कडा मेहनत र कोसिसले बनेका पुरनमा कहिले पनि घमण्ड भन्ने चरोले गुँड बनाएन । मोमोतारो जापानी तथा चाइनिज र थारू खानाका लागि चर्चित नाम नै बनेको छ । जसमा आफ्नो गाउँ सोनापुरको गाउँले तथा काठमाडौं, चितवन र पोखराका स्थानीयलाई पनि रोजगारी दिन उनी सफल भएका छन् ।

अझै पनि दिनमा आठ घण्टा लगातार उभिएर कुकको काम गर्न सक्षम उनी कहिले पनि आफूलाई पाँचवटा रेष्टुरेन्टको मालिकको रूपमा चिनाउँदैनन् । मजदुरकै रूपमा सबैसँग हातमा हात मिलाएर काम गर्नुमा नै उनी आनन्द अनुभव गर्छन् । संभवतः यो नै उनको सफलताको रहस्य पनि हो । उनी भन्छन्- 'मलाई कडा मेहनत गर्नमा नै मज्जा लाग्छ । मेहनतमा नै मैले आफूलाई पूर्णता पाएको महसुस गरेको छु । जिन्दगीलाई फर्केर हेर्दा म अझ अगाडि बढ्नु पर्दछ जस्तो लाग्छ ।'

मोमोतारोमा पाइने जापानी, चाइनिज तथा थारू फुड हाइजेनिक भएकोले निकै स्वस्थबर्धक रहेको छ । पछिल्लो समय नेपालीहरु पनि मोमोतारोको नियमित ग्राहक बन्न थालेका छन् । सानेपाको मोमोतारो रेष्टुरेन्ट स्थानीय बैंक तथा एनजिओ-आइएनजिओका कर्मचारीहरूको नियमित खाजा तथा खाना खाने गन्तव्य नै भएको छ । चौधरी ग्रुपका हाकिम तथा कर्मचारीहरु पनि लन्चका लागि नियमित रूपमा यहाँ आउने गरेको पाइएको छ । जोडी तथा फेमिलीहरु पनि नियमित ग्राहकको रूपमा आउने मोमोतारोमा भेराइटी स्वादका खाना खान जानको लागि एक जोडीले खल्तीमा दुई हजार बोकेर आए पुग्ने मोमोतारोका संस्थापक मेनेजिङ डाइरेक्टर पुरन चौधरी जानकारी दिन्छन् ।

**सम्पर्क**

| | |
|---|---|
| **सानेपा** | : ५५२१९८८ |
| **ठमेल** | : ४४१७६७० |
| **सुन्धारा** | : सेन्ट्रल फुड कोर्ट सिभिल मल |
| **पोखरा** | : ०६१-४६४१३४ |
| **चितवन सौराहा** | : ०५६-५८०४९२ |



तस्वीर : कविन्द्रमान शाक्य

# नीर शाहको नयाँ जीवन

स्वाभाविक अभिनयका धनी चलचित्र व्यवसायी तथा अभिनेता नीर शाहको केही समययता दिनचर्यामा निकै परिवर्तन आएको छ । ६१ वर्षीय शाहको महत्वाकांक्षी चलचित्र 'सेतो-बाघ'को निर्माणताका निक्कै दौडधुप तथा चुरोटको बढी नै सेवनले गर्दा उनलाई हर्ट-एट्याक समेत भयो । बाँसबारीस्थित गंगालाल मुटुरोग अस्पतालमा हर्ट-एट्याकको बेलामा जीवन र मृत्युको दोसाँधमा रहँदा शाहको लाखौं लाख शुभचिन्तकहरूले गरेको प्रार्थना तथा कामनाले नयाँ जीवन पाएको शाहले बताएका छन् । आफू मरेर बाँचेकोले यसलाई पुनर्जन्म नै भन्न रूचाउने शाहले २१ वर्षको उमेरदेखि अरूको सिकोमा खाने गरेको चुरोट चटक्कै छाडेका छन् ।

रक्सी र चुरोट हर्ट-एट्याकको प्रमुख कारण भएकोले यी दुवै जीवनको अत्यन्त प्यारो कुरा भए पनि छाडेको सुनाउँछन् र भन्छन्-'रक्सी र चुरोट त अव बाँचुन्जेल खाँदिन । चुरोटलाई त म अत्यन्त घृणा नै गर्दछु । योसँग मेरो विछोड भएकोमा मलाई कुनै पछुतो छैन ।' वेनसन एण्ड एजेज ब्रान्डको चुरोट खाने गरेका शाहले ५५५ ब्रान्ड हुँदै नेपालमा नै उत्पादित सूर्य लाइट ब्रान्डबाट चुरोट खाने बानी नै बन्द गरेका थिए । शाह कुनैबेला विदेश भ्रमणको बेलामा सूर्य ब्रान्डको चुरोट आफ्नो तथा साथीभाइका लागि कार्टुनका कार्टुन नै लाने गरेको सुनाउँछन् ।

नेपालको सूर्य ब्रान्ड चुरोट संसारकै उत्कृष्ट चुरोट भएको शाहको दाबी छ । त्यस्तै गरेर नेवारी परम्पराअनुसार घरमा नै बनाइने नेपालको ऐला रक्सी संसारकै उत्कृष्ट तथा हाइजेनिक रक्सी रहेको अनुभव पनि शाह सुनाउँछन् । नयाँ जीवन पाएको लगत्तै सरकारले शाह आफैले जग





हालेको नेपाल टेलिभिजनको गरिमामय अध्यक्ष पदमा नियुक्ति दिएर शाहको योगदानको कदर गरेको छ ।

२०४१ सालमा स्थापना भएको सरकारी टेलिभिजन नेपाल टेलिभिजनको १६ जना जनशक्तिबाट स्थापना गरेका शाहले नौ वर्ष दिलोज्यान लगाए । शाहकै योगदान तथा मेहनतले छोटो समयमा नै नेपाल टेलिभिजन नेपाल तथा विदेशमा अत्यन्त लोकप्रिय बन्यो । सरकारी नीति र नियमानुसार २०४९ सालमा आएर नेपाल टेलिभिजनको अध्यक्ष तथा महाप्रबन्धक पदबाट बाहिरिएर शाह सयौं चलचित्रको स्वाभाविक अभिनय तथा चलचित्र निर्माण तथा निर्देशन गर्ने कार्यमा नै अहोरात्र व्यस्त बने ।

नेपालमा सांग्रिला टेलिभिजनको स्थापना गरेर केवुल टेलिभिजनको सुरुवात गर्ने तथा डे-टेलिभिजन संचालन गरेर नेपाली चलचित्रलाई महंगो दररेट दिएर उक्त टेलिभिजनबाट प्रसारण गर्ने नौलो अध्यायको सुरुवात पनि शाहले नै गरेका थिए । जसलाई धेरै वर्ष निरन्तरता दिन नसक्नु शाहको कमजोरीभन्दा समयले शाहलाई साथ नदिएको मानिन्छ ।

अर्कोतर्फ चलचित्रको अध्ययन तथा अध्यापन विश्वविद्यालयस्तरमा हुनुपर्दछ भन्ने अवधारणा ल्याएर नेशनल फिल्म इन्स्टिच्युट हुँदै ओस्कार फिल्म कलेजको समेत स्थापना गर्ने कार्यमा शाहको योगदान अतुलनीय नै मानिएको छ । शाहले नै स्थापना गरेको ओस्कार फिल्म कलेज त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा हाल पनि बर्सेनि सयौं विद्यार्थीहरूले नेपाली फिल्म तथा प्रविधि अध्ययन गरिरहेका छन् । उक्त कलेजबाट नेपाली चलचित्र उद्योगका लागि दक्ष जनशक्ति उत्पादन भइरहेको छ ।

२३ वर्षको लामो अन्तरालपश्चात नेपाल टेलिभिजनको अध्यक्ष पदमा पुनः कार्य गर्न पुगेका शाहको अनुभवमा त्यो बेलाको र हालको कार्यशैलीमा खासै परिवर्तन भएको छैन । सरकारी नीति-नियमको परिधि तथा उच्चअधिकारीहरूको हस्तक्षेप पहिलाको तुलनामा शैली मात्र फरक तर प्रवृत्ति उही भएको शाहको अनुभव छ । शाहको भनाइमा सरकारले मिडिया नचलाएकै राम्रो हुन्छ ।

मिडिया भनेको निजी कम्पनीलाई नै चलाउन दिनु पर्दछ । लोकतान्त्रिक तथा प्रजातान्त्रिक प्रायः मुलुकका सरकारले मिडिया चलाउँदैन । निजी कम्पनीलाई नै दिने गरेको आफूले देखेको शाहले भनेका छन् । नेपाल टेलिभिजन र रेडियो नेपाललाई एउटै छातामुनिबाट प्रसारण गर्ने सरकारको नयाँ नीतिअनुसार तयार भएको नयाँ संरचना पब्लिक सर्भिस ब्रोडकास्टिङको तदर्थ समितिको अध्यक्ष समेत शाह रहेका छन् ।

शाहले यससम्बन्धमा हाल आफू दिलोज्यान लगाएर यी दुई सरकारी मिडियालाई एक गरेर कसरी लान सकिन्छ भनेर हाल विभिन्न अध्ययन तथा अनुसन्धान गरिरहेको समेत खुलासा गरे । स्पष्ट मिडिया नीति ल्याउन सरकारलाई घचघच्याउन आफू प्रयत्नशील रहेको समेत शाहको भनाइ छ । नेपाली चलचित्र 'परिवर्तन'बाट नेपाली चलचित्रको अभिनय यात्रा सुरु गरेका शाहले हालसम्म २ सय ५० वटाभन्दा बढी चलचित्रमा विभिन्न खाले स्वाभाविक अभिनय गरिसकेका छन् । वासुदेव, २५ वसन्त, प्रेमपिण्ड, राजमति, बसन्ती, मसान, सेतो-बाघ लगायतका ऐतिहासिक चलचित्रको निर्माण तथा निर्देशन गर्ने कार्य शाहबाट भएको छ ।

हाल बूढानीलकण्ठ इटालिटारमा स्थायी बसोबास गर्दै आएका अभिनेता शाह बिहान ५ बजे नै उठ्ने गर्दछन् । हर्ट एट्याक हुनुअघिका दिन उठ्ने बित्तिकै ब्ल्याक कफी खाने गरेका उनी अचेल ब्ल्याक-टी मात्र लिने गर्छन् । त्यसको लगत्तै ४५ मिनेटजति ध्यानमा बस्ने गर्छन् । ध्यानपछि केही न केही किताब पढ्ने गरेका शाह हाल इस्लामिक धर्मसम्बन्धी किताव अध्ययन गरिरहेका छन् । रुक्माङ्गद कटवालको संस्मरणको किताब पनि उनी पढिरहेका छन् ।

कुनै न कुनै किताबको केही अध्याय पढेपछि बिहानको ७ बजे मर्निङवाकमा जाने गर्दछन् । प्रायः एक्लै वाक गर्न मन पराउने शाहलाई कहिलेकाहीं शाह पत्नी उषा शाहले साथ दिने गर्छिन् । बूढानीलकण्ठ वरपर नै दुई घण्टा वाक गरेर निवास फर्केपछि हल्का ब्रेकफास्ट र सिनेमा सम्बन्धी कार्यमा नै बढी व्यस्त हुने गर्दछन् । नेपाल टेलिभिजनको अध्यक्ष भएयता दिनभर टेलिभिजनकै प्रशासनिक कार्यमा नै नेपाल टेलिभिजनमा व्यस्त हुने गरेका छन् ।

बेलुका पहिलाजस्तो अबेर पार्टीभोजमा संलग्न हुने गरेको नियमित प्रक्रियामा बन्द नै गरेका छन् । अफिसबाट सरासर घर नै फर्कने गरेका छन् । ८ बजेसम्म रातिको खाना खाइसक्ने शाह नेपाल टेलिभिजन लगायत कान्तिपुर टेलिभिजन, न्युज-२४ लगायतका नेपाली टेलिभिजन च्यानलका समाचार तथा विदेशी च्यानलमा आजतक, अलजजिरा, बीबीसी, सीएनएन लगायतकाको समाचार हेरेपछि बिहान पढ्ने गरेका किताबका केही अध्याय पढेपछि राति १० बजेसम्म सुत्ने गरेको दिनचर्या शाहले सुनाए ।

■ **श्याम स्मृत**

# छालाको प्रकार र सुन्दरता



● **रमिता श्रेष्ठ**, ब्युटी एक्सपर्ट

**जाडो सकेर अब क्रमिक रुपमा गर्मीको मौसम सुरु भइसकेको छ । जाडो महिनामा कट्कटिएको छालाको स्याहार यो गर्मीमा अझ बढी गर्न आवश्यक छ । मानिसको सुन्दरता नै छालामा निहित रहेको हुन्छ । यसले गर्दा छालाको प्रकार हेरेर त्यसको स्याहार गर्न जानेमा निकै राम्रो हुन्छ । छालाको प्रकार धेरैको तैलीय तथा कतिको सुख्खा हुने गर्दछ । महिलाको तुलनामा पुरुषको छाला बाक्लो तथा मोटो हुने गर्दछ । त्यसैगरेर पुरुषको छाला तैलीय, रोमछिद्रको आकार ठूलो र रगतको मात्रामा बढी नै हुने गर्दछ । महिलाको भन्दा पुरुषको पसिना पनि धेरै नै आउने गर्दछ ।**

## छालाको प्रकार

साधारणतया साधारण, ओइली, ड्राइ, संवेदनशील र कम्बिनेसन गरी मानिसको छाला ५ किसिमका हुन्छन् । त्यसैले आफ्नो छालाको प्रकारअनुसार यसलाई स्याहार गर्नुपर्छ ।

## १. साधारण

साधारण छाला ठिक-ठिकै हुन्छ । र यस्तो छाला कोमल र कुनै भागमा चिल्लो हुने गर्दछ । यसप्रकारको छालामा हरदम नरमपन भइरहन्छ । जसमा सुख्खा तथा चिल्लो हुँदैन । रोमछिद्र सानो हुन्छ । हेर्दा सफा र दाग नभएको देखिन्छ । यसप्रकारको छाला स्वस्थ र सुन्दर देखिन्छ । स्याहार गर्न पनि सजिलो हुन्छ ।

## २. ओइली

यसको नामले नै थाहा हुने गर्दछ । यो प्रकारको छाला धेरै चिल्लो हुने गर्दछ । तैलीय पदार्थ धेरै निस्कने भएकोले छाला अत्यन्त



चिल्लो हुने गर्दछ । यसले गर्दा बाहिरको धूवाँ-धुलो, फोहर-हावा सजिलैसँग छालामा टाँसिने गर्दछ । यस्तो छालामा ब्लैक हेड्स व्हाइट हेड्स, डण्डीफोर र दाग तुरून्तै आउने संभावना हुन्छ । यस्तो छालाको स्याहार गर्न अलि गाह्रो हुने गर्दछ ।

## ३. ड्राइ

यसप्रकारको छाला धेरै सुख्खा हुने गर्दछ । यसले गर्दा चाँडै नै रिंकल आउने संभावना बढ्छ । चिल्लो कम हुने भएकोले नरम बनाउन अलि कठिन हुने हुन्छ । यसप्रकारको छाला हुनेहरु कम उमेरमा पनि धेरै उमेरको जस्तो देखिने गर्छन् । साधारण तथा चिल्लो छालाको तुलनामा धेरै नै स्याहार गर्नु आवश्यक छ । बिहान र बेलुकाको लागि राम्रो असली क्रिमको प्रयोग गर्नु राम्रो हुन्छ ।

## ४. संवेदनशील

यस प्रकारको छाला राम्रो हुन्छ । मौसम अनुसार यसप्रकारको छालामा परिवर्तन आइरहने गर्दछ । यस्तो छालाका लागि ब्लियिङ्, वैक्सिङ्, थ्रेडिङ्, सावुन अनि पुरूषहरूलाई सूर्यको किरण, रोविंग क्रिम आदिले धेरै नोक्सान हुन सक्छ । यस्तो छाला भएकाहरूले केमिकल भएको क्रिमबाट बच्नु अति आवश्यक छ । पहिला आफ्नो छालाको प्रकार चिनेर मात्र सौन्दर्य प्रसाधन प्रयोग गर्नु पर्दछ ।

## ५. कम्बिनेशन

धेरैजसो मानिसको छाला कम्बिनेशन प्रकारको हुने गर्दछ । यो ड्राइ र ओइलीको मिश्रण प्रकृतिको हो । टि जोन चिल्लो हुन्छ भने सि जोनको भाग सुख्खा र आँखा वरिपरि सुख्खा हुने गर्दछ । यस्तो छालाका लागि बेग्लै मिश्रित छाला क्रिम बनेको छ । सोही क्रिम प्रयोग गर्नु ठीक हुन्छ ।

# हार्दिक बधाई एवं शुभकामना

नोबेल एकेडेमीका पूर्व प्रिन्सिपल एवं प्रधानमन्त्रीका आर्थिक सल्लाहकार **डा. चिरञ्जीवी नेपाल**ज्यू **नेपाल राष्ट्र बैंकको गभर्नर** जस्तो गरिमामय पदमा नियुक्त हुनु भएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दछौं। साथै उहाँको सफल कार्यकालका लागि **हार्दिक शुभकामना** व्यक्त गर्दछौं।





**डा. चिरञ्जीवी नेपाल**

सुरेन्द्र श्रेष्ठ | नवराज पाण्डे | रविन दाहाल | शंकर श्रेष्ठ | उत्तम भौकाजी | सन्तोषमणी न्यौपाने
डा. श्याम लोहनी | बद्री कुमार श्रेष्ठ | किशोर श्रेष्ठ | रमेश पाण्डे

**NOBEL ACADEMY**
Higher Secondary School
New Baneshwor, Ktm
Tel: 4781515, 4780232, 4785027

**NOBEL COLLEGE**
Affiliated to Pokhara University
Sinamangal, Kathmandu
Tel: 4110525, 4110590, 2062330

**NOBEL HOSPITAL**
SINAMANGAL, KATHMANDU
Sinamangal, Kathmandu
Tel: 4110842, 4110893, 4110894



# बागमती स्वीट्स



यहाँ पार्टी तथा सेमिनारका लागि लञ्च बक्सको विशेष सुविधा उपलब्ध छ।

आँखा अस्पताल नजिकै
गणेश मन्दिर पछाडि
त्रिपुरेश्वर, काठमाडौं
फोन : ४२६०२५३, ४२६००५७



सानिमा
"क"
वर्गको बैंक

## सुरक्षित लगानी, उच्च ब्याजदर

# ५.५%

सानिमा
**समृद्ध बचत खाता**

**विशेषताहरू:**
» न्यूनतम मौज्दात रु. ५०,०००/-
» नि:शुल्क
ABBS सुविधा
i-बैंकिङ्ग
चेक बुक तथा खाता विवरण
मोबाइल बैंकिङ्ग
बिल भुक्तानी सुविधा (PSTN, ADSL, Postpaid)
» Visa Debit Card जारी शुल्कमा ५०% छुट
» सेफ डिपोजिट लकरमा ५०% छुट (उपलब्धता अनुसार)

२०७१ आषाढ मसान्तको बित्तीय परिसूचक

| | | | |
|---|---|---|---|
| निस्क्रिय कर्जा | ०.०२% | खुद तरलता | २६.६८% |
| पूँजीकोष | १२.५४% | रियल स्टेट कर्जा | ४.५७% |
| कर्जा-निक्षेप अनुपात | ७४.३५% | | |

10+ YEARS
SanimaBank
सबल अनि विश्वसनीय

थप जानकारीका लागि SSBK type गरी २२६५ मा SMS गर्नुहोस् वा नजिकैको शाखामा सम्पर्क राख्नुहोस्।

फोन: ९७७-१-४४२८९७९/८०

www.sanimabank.com



रूख रोपौं, धर्ती बचाऔं !
'गान्धी इन्टरनेशनल मिसन नेपाल'द्वारा
'रूख रोपौं, धर्ती बचाऔं'
महा सत्सङ्कल्प गरिएको हुँदा
समस्त चेतनशील महानुभावहरुमा
जानकारी गराइन्छ ।
सम्पर्क : ९८५१०६८५३७
प्रार्थी
सुशील जगनानी
अध्यक्ष
गान्धी इण्टरनेशनल मिसन-नेपाल




lifestyle + fitness + health
OUR SERVICES:
Aerobic Dance
Zumba Dance
Physical Fitness & Body Building
All types Dance Classes
Anchoring Training
Acting Training
Sauna, Hot & Shower
Locker Facility
२५% छुट
बार्षिक सदस्य बन्नेलाई मात्र
Club Natyalaya
Health & Fitness (P.) Ltd.
Samakhushi (Zest Co-operative Building 4th Floor) Kathmandu, Nepal
Tel. No: 01-4388765, E-mail: clubnatyalaya@gmail.com
URL: www.natyalayanepal.com




APD 亞太日報
ASIA PACIFIC DAILY
YAMAHA
What is Spring Festival?
Where there is Chinese, there is APD
Subcription
Tel : +977-01-4434475, Mobile : 9818 852676, E-mail : xinhuaktm@gmail.com
xinhuanepal @xinhuanepal




QUALITY PRINTING
True Colors
Ramesh Kishor Shrestha
Active Printing Press Pvt. Ltd.
Galkopakha-29, Thamel
P.O. Box 4665, Kathmandu, Nepal
Tel: 014022672, 4022656, 016223388
Fax: 977-1-4022656
Mobile: 9851036354
Email: activepress2010@gmail.com
HEIDELBERG

# टाउको दुख्यो भने कहाँ जाने ?



डा. रामप्रसाद पोखेल

हामीहरु सबैको कुनै न कुनै बेला टाउको दुखेको हुनसक्छ । बरोबर टाउको दुख्न थाल्यो भने पहिले तपाईं आँखाको कारणले हुनसक्छ भन्ने अनुमान गर्नुहोस् । त्यसैले सर्वप्रथम चस्मा लगाउने गर्नुभएको छ भने चस्मा जचाउनु होस् । टाउको दुख्ने अर्को कारण जलविन्दु पनि हुनसक्छ । जलविन्दु भएमा नेत्रचाप बढेर टाउको दुख्ने, बत्तीमा हेर्दा इन्द्रेणी परेको देखिने र दृष्टि क्षमता घट्दै गएर जताततै ठक्कर लाग्ने पनि हुनसक्छ र अन्त्यमा नसा सुकेर अन्धो पनि बन्न सक्छ ।

टाउको दुख्ने अर्को कारण हो पिनास । साइनसमा पिप जमेर पनि टाउको दुख्ने हुनसक्छ । उमेर पुगेका व्यक्तिहरूलाई टाउको दुख्ने एउटा कारण ब्लडप्रेसर पनि हो । टाउको दुख्ने अर्को कारण ब्रेन ट्युमर पनि हो । टाउकोभित्र रगत जमे वा मेननजाइटिस भएर पनि टाउको दुख्न सक्छ ।

यदि कोही जिद्दी खालको जवान व्यक्ति छ र बरोबर टाउको दुख्छ र उल्टी पनि आउने गर्छ भने उसलाई माइग्रेन भएको हुनसक्छ । गर्भवती अवस्थामा केही महिलालाई एकल्याम्पिसियाबाट टाउको दुख्न सक्छ । त्यसैले के कारणले टाउको दुखेको हो भन्ने नबुझी औषधि खानु आफैलाई धोका दिनु हो ।

लण्डनमा मैले काम गर्दा टाउको दुखाइसम्बन्धी अनेकौं विचित्र घटनाको सामना गरेको थिएँ । एक अंग्रेज टाउको दुखेको कारण विभिन्न विशेषज्ञकहाँ पुगेर औषधि गर्दा पनि ठीक नभएपछि मनोविज्ञानका डाक्टरकहाँ पुगेछ । मानसिक रोगको औषधिहरूबाट पनि ठीक नहुँदा उसलाई छ महिना जेलमा राखिएछ । जेलबाट छुटेपछि अर्को जीपी (जेनरल प्राक्टिसनर) कहाँ पुगेछ । जीपीले सटन जेनरल अस्पतालमा रिफर गरेछ । यो सन् १९६९ तिरको कुरा हो । ती बिरामीलाई पहिले मैले नै हेर्न पुगेछु । आँखा जाँच गर्दा भित्रको नसा धेरै सुन्निएको देखेपछि मैले त्यस व्यक्तिलाई लण्डनको नसासम्बन्धी ठूलो अस्पतालमा रिफर गरें । त्यसै दिन त्यो व्यक्ति न्युरोलोजी अस्पतालमा भर्ना भयो र भोलिपल्टै अप्रेसन पनि भयो । अप्रेसनपछि टाउको दुख्न निको भयो र आँखा पनि राम्ररी देख्न थाल्यो ।

मेरो जीवनमा यो कहिले पनि नबिर्सने घटना हो । ती अंग्रेजको टाउको दुखाइ टाउकोभित्रको पिटुटरी ट्युमरका कारण भएको रहेछ । विकसित देशमा पनि यस्तो गल्ती हुनसक्छ भन्ने यो एक उदाहरण हो । त्यसैले के कारणले टाउको दुखेको हो भन्ने कुरामा पहिले त बिरामीले नै अनुमान गर्न सक्नुपर्छ अनि चिकित्सकले सही पहिचान गरेर मात्र औषधि उपचार गर्न थाल्नु पर्छ ।

*(लेखक वरिष्ठ नेत्ररोग विशेषज्ञ हुनुहुन्छ)*



नेपालमा चौधरी ग्रुपले विक्री-वितरणको जिम्मेवारी पाएको कोरियाली स्मार्टफोन निर्माता एलजीले नेपालीहरूको मन पनि दिनप्रतिदिन जित्दै आएको छ । एलजीले काठमाडौंको भाटभटेनीस्थित भाटभटेनी सुपर स्टोर नजिक एलजी स्मार्टफोनको विशेष शोरूम नै संचालनमा ल्याएको छ । यसप्रकारको शोरूम मुलुकका विभिन्न स्थानमा विस्तार गर्ने क्रममा रहेको चौधरी ग्रुपले जनाएको छ । यिनै चौधरी ग्रुपको उत्कृष्ट एलजीले उत्पादन गरेको उच्च क्षमताको स्मार्टफोन एल जी- ३ स्मार्टफोनले यो वर्षको उत्कृष्ट स्मार्टफोनको उपाधि जितेको छ । सन् २०१४ मा उत्पादित विश्वभरका स्मार्टफोनमध्ये एन्ड्रोइड सिस्टमयुक्त एलजीको जी ३ र एप्पल अपरेटिङ सिस्टमयुक्त आइफोन ६ ले संयुक्त रूपमा यो अवार्ड हात पारेका छन् । स्पेनको बार्सिलोनामा सम्पन्न मोबाइल वर्ल्ड कंग्रेस २०१५ मा यी दुई स्मार्टफोनलाई उक्त उपाधि प्रदान गरिएको हो ।

तीन सयभन्दा बढी विशेषज्ञ, प्रविधि विश्लेषक, पत्रकार र अनुसन्धानकर्ताहरूको मतका आधारमा उक्त उपाधि प्रदान गरिएको आयोजकले बताए । जीएसएम एसोसिएसनले अन्य विभिन्न विधामा ग्लोबल मोबाइल अवार्ड २०१५ समेत प्रदान गरेको छ । आईफोन ६ ले एलजी ३ सँग यो वर्षको उत्कृष्ट स्मार्टफोनको उपाधि बाँडेको छ । एलजीले उच्च क्षमतायुक्त स्मार्टफोनमा एप्पलको आइफोन ६ र सामसुङका उत्पादनसँग प्रतिस्पर्धा गरिरहेको छ ।

५.५ इन्च स्क्रिन भएको जी ३ मा, १३ मेगापिक्सेल क्यामेरा, ३२ जीबी आन्तरिक स्टोरेज -१२८ जीबीसम्म बढाउन सकिने माइक्रो एसडी, ३००० एमएएचको क्षमताको ब्याट्री, वायरलेस चार्जिङ लगायतका सुविधा छन् । उत्कृष्ट सस्तो स्मार्टफोनका अवार्ड मोटोरोलाको मोटो-इले हात पारेको छ । बेष्ट ट्याबलेटको उपाधि माइक्रोसफ्टको सर्फे प्रो ३ ले जितेको छ भने वेष्ट वेयरवेल टेक्नोलोजीको उपाधि मोटोरोलाकै मोटो ३६० स्मार्ट घडीले हात पारेको छ ।

# एलजीको उत्कृष्ट स्मार्टफोन एलजी-३



विशेषता : १६ जीबी इन्टरनल मेमोरी, भिडियो र इमेज रेकर्डिङ, कर्निङ गोरिल्ला ग्लास ३, फेस डिटेक्सन

मूल्य : ७६ हजार

## फोर्डको सर्वाधिक बिक्री

फोर्ड इन्डियाले भारतमा गत जनवरी महिनादेखि गाडीको मूल्य बढाएपछि नेपालमा पनि ती गाडीको मूल्य बढेर आएको छ । नेपालमा फोर्ड गाडीको न्यूनतम ३० हजार रूपैयाँदेखि तीन लाख रूपैयाँसम्म मूल्य बढेको छ । कम्पनीले फिगो, इन्डेभर र इकोस्पोर्ट मोडलमा भाउ बढाएको फोर्डको नेपालका लागि अधिकृत बिक्रेता गो फोर्डले जानकारी दिएको छ । फोर्डका क्लासिक, अल न्यू फियष्टा, अल न्यू याङ्गर, फोकस र कुगा मोडलमा भने भाउ बढाइएको छैन ।



कम्पनीले सन् २०१५ का मोडलहरूमा मूल्य बढाएर पठाएको हो । कम्पनीका अनुसार फिगो(पेट्रोल) इएक्सआई मोडलको सबैभन्दा कम ३० हजार रूपैयाँ मूल्य बढेको छ भने इन्डेभरमा सबैभन्दा बढी तीन लाख रूपैयाँ मूल्य बढेको छ । मूल्य बढेपछि फिगो (पेट्रोल) इएक्सआईको मूल्य २१ लाख ८० हजार र इन्डेभर (३ हजार सीसी)को ८२ लाख रूपैयाँ पुगेको छ । फिगो पेट्रोल इञ्जिनमा इएक्सआई, जेडएक्सआई र टाइटनियम मोडलको मूल्य बढेको छ भने डिजेल इञ्जिनमा इएक्सआई मोडलको मात्र मूल्य बढेको छ । फोर्डको इन्ट्री लेभल कार फिगो नेपालमा अत्याधिक रूचाइएको कार हो । नेपालमा यो मोडल २२ सयको हाराहारीमा बिक्री भइसकेको जनाइएको छ ।

इन्डेभर र इकोस्पोर्टका सबै भेरियन्टमा मूल्य बढेको कम्पनीले जानकारी दिएको छ । कम्पनीका अनुसार नेपाली बजारमा इन्डेभर तीन भेरियन्टमा उपलब्ध छ भने इकोस्पोर्ट १० वटा भेरियन्टमा उपलब्ध छ । एसयुभी सेगमेन्टको इकोस्पोर्ट नेपाली बजारमा सर्वाधिक रूचाइएको कार हो । अन्य कम्पनीका एसयुभी सेगमेन्ट भन्दा झण्डै आधा कम मूल्य भएको कारण बजारमा अत्यधिक माग भएको हो । कुगा फोर्डको सबैभन्दा महंगो कार हो । यसको मूल्य नेपालमा ९० लाख रूपैयाँ रहेको छ । फोर्डका आठवटा मोडलमा करिब ३६ वटा भेरियन्टहरु बिक्री वितरण हुँदै आएको छ । यसमा सबैभन्दा बढी भेरियन्ट फिगो, इकोस्पोर्ट र क्लासिक मोडलका रहेका छन् ।



## सुजुकी बाइकको अफर

यो वर्षको बाइक अफ दि इयर २०१५ को उपाधि बिजेता सुजुकी जिक्सर बाइक अब ६ हजार ५ सयको मासिक किस्ताबन्दीमा नेपाली उपभोक्ताले पाउने भएका छन् । नेपालमा सुजुकी मोटरसाइकल बिक्री वितरण गर्दै आएको विशाल ग्रुपको भीजी अटोमोबाइल्सले किस्ताबन्दी अफर सुरू गरेको छ ।

जसअनुसार उपभोक्ताले ४७ हजार ३ सय ५६ रूपैयाँ डाउन पेमेन्ट (सुरूवाती भुक्तानी) गरेपछि मासिक ६ हजार ५ सय ७१ रूपैयाँको किस्ताबन्दीमा मोटरसाइकल चढ्न पाउनेछन् । यसैगरी सुजुकी लेट्स स्कुटी जम्मा ८ हजार ९ सय ९९ रूपैयाँ डाउन पेमेन्टमा मासिक ५ हजार ४ सय ४ रूपैयाँ किस्ताबन्दीमा उपलब्ध हुने भएको छ ।

अन्य लोकप्रिय मोडलहरु जस्तै सुजुकी सिलिङ सट मासिक ५४०४ रूपैयाँ, सिलिङसट एसइयु ५हजार २ सय ६६ रूपैयाँ, जीएस १५०आर ६ हजार ८ सय २६ रूपैयाँ, हायात ४ हजार ८ सय ५० रूपैयाँ र ५हजार २ सय ३१ रूपैयाँमा मासिक किस्ताबन्दमि स्वीच १२५ उपलब्ध हुनेछन् । यी सबै मोडलको बाइक लिन २५ हजार रूपैयाँ डाउन पेमेन्ट गरे पुग्ने भीजी अटोमोबाइल्सका महाप्रबन्धक अधिरकुमार श्रेष्ठले बताएका छन् ।

# भीमदत्त दस्तावेज

राज्यद्वारा हालसम्म सहिद घोषणा नगरिएका अघोषित सहिदको नाम भीमदत्त पन्त हो । उनै सहिद भीमदत्तको वास्तविक कथामा नेपाली चलचित्र निर्माण भएको छ । चलचित्रको नाम नै 'भीमदत्त' राखिएको छ । अघोषित सहिदको अमर कथा बोकेको चलचित्र भीमदत्त ऐतिहासिकता बोकेको गर्विलो चलचित्र हो । सहिद भीमदत्तको यथार्थ कथाको चित्रण चलचित्र भीमदत्तले गरेको छ ।

भीमदत्तको नाम सुनेको तर भीमदत्त बारेमा जानिफकार नभएका र नामै नसुनेका सबैका लागि ऐतिहासिक दस्तावेजको रूपमा निर्माण भएको चलचित्र भीमदत्त हो । नवल खड्काले निर्माण गरेको पछिल्लो चलचित्र भीमदत्तमा भीमदत्तको चरित्र नवल खड्का स्वयंले निर्वाह गरेका छन् । भीमदत्तकी पत्नीको भूमिकामा नायिका सुमिना घिमिरेले अभिनय गरेकी छन् । निशा अधिकारी, श्रीराम पुडासैनी लगायतका कलाकारहरूबाट भने भीमदत्तको बारेमा अध्ययन तथा अनुसन्धान गर्ने टोलीको नेतृत्व गर्ने कार्य भएको छ । रमेश बुढाथोकी, कविता शर्मा, कृष्ण शिवाकोटी, सानुकुमार ताम्राकार, रवि गिरी लगायतका अग्रज कलाकारहरु भीमदत्तकै कथाभित्रका पात्र बनेका छन् ।

हिमग्याम लामा (टासी)को निर्देशन रहेको चलचित्र भीमदत्त मूलधार तथा फरकधार दुवैलाई समेटेएर बहेको छ । ऐतिहासिकता जस्ताको तस्तै प्रस्तुत गर्ने क्रममा कथाको मौलिकतालाई नबिगारिकन कथानकलाई बेग्लै तरिकाबाट जोड्ने प्रयास भएको छ । फागुन २२ गतेबाट देशभर एकसाथ प्रदर्शनमा आएको चलचित्र भीमदत्त यसअघि देशबाहिर प्रदर्शन भएर राम्रै चर्चा पाउन सफलता पाएको छ ।

भीमदत्त बनेका अभिनेता नवल खड्काको पहिरन तथा जीवन्त अभिनय यो चलचित्रको ज्यान भएको छ । अर्कोतर्फ विभिन्न चलचित्रमा ग्ल्यामरस भूमिकामा देखिंदै आएकी अभिनेत्री सुमिना घिमिरेले गरेको बेग्लै भूमिका तारिफयोग्य छ । सुमिना र भीमदत्त बनेका नवलबीचको रोमान्चक दृश्यमा कलात्मक ढंगबाट सुमिनाको चोलीको तुना खोल्ने दृश्यलाई सबैले विशेष रूपमा लिएको पाइएको छ । राम्रो बोल्ड कथा भएमा र त्यसलाई प्रस्तुत गर्न जानिएमा सामान्य कलाकार पनि बेजोड अभिनय गर्न सक्छ भन्ने चलचित्र भीमदत्त पछिल्लो उदाहरण बनेको छ ।

सुदूरपश्चिम नेपालको डडेलधुरामा जन्मेका एक क्रान्तिकारी सामाजिक अभियन्ताको रूपमा भीमदत्त पन्तलाई चलचित्र भीमदत्तले प्रस्तुत गर्ने प्रयास गरेको छ । ब्राम्हण कुलमा जन्मेका भए पनि जातिय छुवाछूतको विरूद्ध अग्रणी भूमिका निर्वाह गरेका भीमदत्तले राणा विरोधी आन्दोलनमा सक्रिय भूमिका निर्वाह गरेका थिए । दिल्लीमा भएको त्रिपक्षीय सम्झौता पश्चात नेपालबाट राणा शासनको अन्त्य भए पनि नेपाली जनताको घरआँगनमा प्रजातन्त्र आएको थिएन । नेपाली जनतामाथि जमिन्दारी शोषण, जातिय छुवाछूत तथा विभेद कायमै थियो ।

आज जस्तै त्यो बेला पनि सरकारी कर्मचारी भ्रष्ट थिए । वर्षभरि खेतीपाती गर्ने कृषकहरु भोकमरीमा पर्ने गर्दथे । यी सबै प्रकारका विसंगतिका



विरूद्ध आवाज बुलन्द गरेर किसानहरूको मुक्तिका लागि आन्दोलनको नेतृत्व गर्ने कार्य भीमदत्तबाट भएको थियो । भीमदत्तको अभियानलाई सरकारले नसुनेपछि २००९ सालमा सशस्त्र सुरक्षा दस्ताको गठन गरेर शोषकका गोदाममा थन्काएका अन्न, नुन-तेल लगायतका अत्यावश्यक सामग्री खोसेर भोकमरीमा परेका सुदूरपश्चिमका जनतालाई वितरण गरेका थिए । जसबाट किसान नेताका रूपमा राम्ररी चिनिएका भीमदत्तसँग तत्कालीन सरकारले भीमदत्तको आन्दोलन दबाउन निक्कै कसरत गर्‍यो ।

आन्दोलन दबाउन नसकेपछि हजारौंको संख्यामा भारतीय सेनालाई गुहारेर तत्कालीन नेपाल सरकारले भीमदत्तलाई घेराबन्दीमा पार्ने लाचारीपूर्ण कार्य समेत गर्‍यो । नेपाल र भारतका सेनाको घेराबन्दीमा परे पनि बहादुरीपूर्वक लडेका अमर सहिद भीमदत्त उनकै सहोदर मीतको मिलोमतोमा २०१० साल श्रावण १७ गते मारिए । मारिएका भीमदत्तको टाउको काटेर बाँसमा झुण्ड्याउने तत्कालीन सरकारले क्रूरतापूर्ण कार्यलाई चलचित्रमा यथार्थ रूपमा देखाइएको छ ।

भीमदत्त कुनै षड्यन्त्रको ऐतिहासिक पात्र नभई उनी न्याय र आम हितको इतिहासको खुल्ला पुस्तकालय हुन् भन्ने दसी तथा प्रमाण दिने कार्य पनि चलचित्र भीमदत्तबाट भएको छ । भीमदत्तका बारेमा सबैले पढ्न पाउनैपर्छ र उनको आन्दोलनको बारेमा सबैले बुझ्न पाउनै पर्छ तथा भीमदत्तको सामाजिक योगदानको बारेमा अध्ययन गरेर त्यसबाट प्रेरणा लिएर सचेतता अपनाउन मद्दत मिलोस् भनेर चलचित्र भीमदत्त निर्माण गरिएको चलचित्रका निर्माता एवम् अभिनेता नवल खड्का बताउँछन् ।


■ **स्मृत**





Timesless Reading

Karna Sakya's books
Now available in the market




Contact:
Bharat Adhikari
Ph.: 01-4434705 Mob.: 9813376586
Maya Manor, Hattisar, Naxal



# ग्रीन सिटीमा आठौं आश्चर्य

■ शब्द र तस्वीरः डम्बरकृष्ण श्रेष्ठ







चाहे त्यो थिएटर हलमा प्रदर्शन हुने परम्परागत चिनियाँ डान्स होस् या ऐतिहासिक ड्रामा या शहरको सडकमा देखिने खुल्ला कला प्रदर्शनी, चीनका कलाकार र कलाकारको प्रदर्शनी अद्भूत लाग्छ । दुई साताको पश्चिमी चीनको यात्रामा सडकदेखि थिएटर हलसम्मका आधा दर्जन 'प्ले' हेर्दा चिनियाँ कलालाई नजिकबाट बुझ्ने अवसर मिल्यो । चिनियाँहरूले चियादेखि नुडल्ससम्मका खानेकुरामा पनि प्रदर्शन गरेको कलाकारिता अचम्मलाग्दो थियो ।

आर्थिक वृद्धि र विकासबाट विश्वलाई प्रभावित पारिरहेको चीन ऐतिहासिक सम्पदा, संस्कृति र वातावरण संरक्षणमा पनि अगाडि छ । ऐतिहासिक, सांस्कृतिक र पुरातात्विक हिसाबले महत्वपूर्ण सिआन, औद्योगिक शहर ताईयुआन र जिङगशु प्रान्तको पोर्ट सिटी चाङच्यागाङ परम्परा र आधुनिक कलाकारिताका लागि समेत अग्रणी छ । यात्रामा क्रमशः १० लाख, ४० लाख र ८० लाख जनसंख्या भएको झङजियागाङ, ताईयुआन र सिआन शहर जति सुन्दर र हरियाली देखियो त्यसरी नै जसरी ऐतिहासिक सम्पदा र परम्परागत कलालाई संरक्षण गरेको पाइयो । तीन हजार वर्ष पुरानो इतिहास, संस्कृति र भौतिक संरचनाको संरक्षण यसरी गरिएको छ, मानौं ती अहिलेकै सिर्जना हुन् । 'ग्रीन सिटी'का रूपमा विकसित शहरका सडकहरूमा यातायातका ठूला साधनदेखि साइकल र बटुवासम्मलाई फरक-फरक 'लेन' छुट्याइएको छ । सँगै उन्नत मौलिक कलाकारितालाई संरक्षण र प्रवर्द्धन गर्नमा विशेष ध्यान पुऱ्याइएको छ । विदेशी पर्यटकलाई आकर्षित गर्न समेत यहाँको संस्कृति र कलाकारिताको योगदान महत्वपूर्ण छ ।

**सिआनको परम्परागत संस्कृति**

चिनियाँ सभ्यताको एउटा केन्द्र सिआनको सम्पदा संरक्षण विश्वमै चर्चित छ । यहाँको छिङ वंशीय प्रथम सम्राटको समाधिस्थल र टेराकोटा सिपाहीहरु विश्वका आठौं आश्चर्यभित्र पर्छन् । सन् १९८७ मा विश्व सम्पदा सूचीमा परेको समाधिस्थलमा ५०० सैनिक, १८ सैनिक वाहन र १०० भन्दा बढी घोडाका 'लाइफ साइज' का मूर्ति छन् । ५६ वर्ग किलोमिटरको समाधिस्थल क्षेत्रमा ५० हजारभन्दा बढी ऐतिहासिक वस्तु छन् । यही ऐतिहासिक सेनाको गाथालाई कलाको माध्यमबाट शहरको सीटी वालभित्रको डबलीमा

**चीनको सिआन, ताईयुआन र चाङच्यागाङ शहरमा देखिएको अद्भूत कला र परम्परागत संस्कृति र ऐतिहासिक सम्पदा संरक्षणबाट नेपालले धेरै सिक्न सक्छ ।**













कलाकारहरूले प्रदर्शन गरिरहेका हुन्छन् । तीन हजार वर्ष पुरानो इतिहासको घटनाक्रमलाई त्यही समयमा बनेको सीटी वाल परिसरमा कलाकारहरु पुरानै सैनिक भेषभूषामा परेड खेल्दै, भीडन्तमा समेत उत्रन्छन् । पुरानो इतिहासलाई यसले आजसम्म जीवन्त राख्न सहयोग पुऱ्याएको छ ।

शहरको टाङ प्यालेसमा प्रस्तुत करिब दुई घण्टाको परम्परागत चिनियाँ डान्स शो हेर्दा एकछिनमै सकिए जस्तो लाग्यो । प्रत्यक्ष गीत, संगीत, वाद्यवादन समूह र एउटै मञ्चमा सयको हाराहारीमा कलाकारहरूको गज्जबको प्रस्तुति नौलो थियो । मञ्चमा प्रस्तुत परम्परागतदेखि आधुनिकसम्मको कला साउण्ड, लाइटको उत्कृष्ट संयोजनले मनमोहक बनाएको थियो । टाङ प्याराडाइज, संग्रहालय, पुरानो सिल्क रोडको नमूना र सिटी वालले सिआन शहरलाई चीनकै कला र संस्कृतिमा अग्रणी केन्द्र बनाएको छ । शहर बाहिरको चेन्लु गाउँमा प्राचीन भौतिक संरचना र जीवनशैलीलाई यथावत् राखिएको छ । आज पनि यहाँ ३ हजार वर्षअघिको परम्परागत संस्कृति, उद्यम र जीवनशैली देख्न पाइन्छ ।

## ताईयुआनको अद्‌भूत प्ले

फेन र फेरेर नदी किनारमा रहेका औद्योगिक शहर ताईयुआन पूरै चीनमा ड्रागन सिटीको नामले प्रसिद्ध छ । विगतमा महत्वपूर्ण सामरिक क्षेत्रका रूपमा रहेको यो शहरको पहाडी भेगलाई ड्रागनको शिर, शहरलाई शरीर र नदीलाई पुच्छर मानिन्छ । शहरमा पर्यटकलाई आकर्षित गर्न साँझपख लाइट शोदेखि थिएटर हलमा ऐतिहासिक, साँस्कृतिक ड्रामा शो, ताइ युन फुड स्ट्रिटमा परम्परागत संस्कृति र जादु, सर्कस र लोक गीतका प्रस्तुतिहरूकाट स्थानीय कलाकारहरूको अद्‌भूत प्रतिभा प्रदर्शन गर्ने व्यवस्था छ । शहरको प्रख्यात नुडल्स हाउसमा विभिन्न कला प्रस्तुत गर्दै तयार पारिएको नुडल्सको परिकार पाहुनाको प्लेटमा पस्किने व्यवस्था रहेछ ।

स्थानीय थिएटर हलमा प्रस्तुत 'गड्स अफ मेर्सी अफ थाउजेण्ड हेण्डस' नामक ड्रामा हेर्दा कलाकारहरूको अद्‌भूत प्रतिभा देखेर दंग पऱ्यौं । बौद्ध दर्शनमा आधारित यो 'प्ले' मा एउटै मञ्चमा एक पटकमा ५५ जना कलाकार प्रस्तुत भएर हज्जारौं हातको ईश्वरदेखि मानव जीवनको आरोह अवरोहलाई अद्‌भूत रूपमा प्रदर्शन गरिएको थियो । तीन हजार वर्ष पुरानो यो शहरले भौतिक सम्पदा र वातावरणलाई यथावत् राखेर आधुनिक विकासलाई गति दिएको छ । आधुनिक शहर स्थापना भएको १०० वर्षमा यसले ठूलै फड्को मारेको छ । फेन रिभर पार्क, चेङफेङ कल्चर एन्ड बिजनेश एरिया आदि औद्योगिक क्षेत्र, 'ग्रीन सिटी' ताईयुआनको आधुनिक आकर्षण हुन् ।

## मोर्डन सिटी चाङच्यागाङ

चीनको ठूलो औद्योगिक-व्यापारिक शहर सांघाईबाट दुई घन्टा बस यात्रा गरेपछि पुगिने चाङच्यागाङ जति आधुनिक छ त्यति नै कला र संस्कृति सम्पादा संरक्षणमा अगाडि रहेछ । शहरको बीचमा पुरानो चिनियाँ बस्ती स्थापनासँगै पुराना कला र परम्परागत संस्कृतिलाई संरक्षण गरिएको छ भने शहरको विस्तारलाई अत्याधुनिक प्रदर्शनी केन्द्रमा अडियो, भिज्युएल, लाइट, ध्वनिको माध्यमबाट जीवन्त प्रस्तुति गरिन्छ ।

स्थानीय प्राथमिक विद्यालयहरूमा विद्यार्थीहरूलाई मौलिक परम्परागत कला र संगीतको अध्यापन गराइने व्यवस्था छ । यहाँको टी हाउसमा चिया बनाउने विधि र कलाको प्रदर्शनी जो कोहीलाई अनौठो लाग्न सक्छ । कलाकारले विभिन्न खेल प्रदर्शन गर्दै कपमा खन्याएको चिया यहाँ पिउन पाइन्छ ।

तीन हजार वर्ष पुरानो इतिहास, संस्कृति र भौतिक संरचनाको संरक्षण यसरी गरिएको छ कि आजको नयाँ पुस्ताले समेत हेरेर इतिहासमाथि गर्व गर्छन् । चिनियाँ जनताले विश्वको सबैभन्दा ठूलो अर्थतन्त्रको रूपमा आफूलाई उभ्याउँदै गर्दा यहाँको अर्थतन्त्र मात्रै हैन परम्परागत संस्कृति, इतिहासका कालखण्डलाई संरक्षण गर्दै आधुनिक नयाँ पुस्तासम्म साक्षात्कार गराउने र नयाँ विकाससँगै आफ्नो मौलिकपनलाई कायम राख्ने चीनको शैली अन्य राष्ट्रका लागि समेत उदाहरणीय बनिरहेको छ ।

*(पत्रकार श्रेष्ठ हिमाल खबरपत्रिकाका समाचार संयोजक हुन् ।)*

# नेपालको होटल व्यवसायमा रमाउँदै चिनियाँ

नेपालको राजधानी काठमाडौंको ठमेलमा एउटा चिनियाँले खोलेको चिनियाँ रेस्टुराँ तथा होटल छ । नेपालमा घुम्न आएका धेरै चिनियाँ पर्यटकहरु यस होटलमा बस्ने गरेका छन् । किनभने चिनियाँ पर्यटकहरूलाई यहाँ बसेपछि चिनियाँ खाना खान बाहिर जानु पर्दैन । यस चिनियाँ होटलका व्यवसायीको नाम हो, ह छिङ् रूङ् । तर ठमेलमा बस्दै आएका अरू चिनियाँहरूले उनलाई याङ् कुआङ् अर्थात् सूर्यको ताप भन्छन् र उनको होटलको नाम पनि यही नै हो । यो नाम कसले राखिदिएको भनी सोध्दा ह छिङ् रूङ्ले आफ्नो जीवनको सबैभन्दा कठिन समयमा साथीहरूले यो नाम दिएको बताए । किनभने सूर्यको तापले मानिसलाई न्यानो तथा उज्यालो मात्र नभई राम्रो भविष्य दिने पनि विश्वास गरिन्छ । साथै हले साथीहरूले दिएको नामलाई मन पराएका छन् । केही वर्षदेखि सूर्यको तापले उनलाई सधैं समर्थन दिइरहेको छ ।

हले सानै उमेरदेखि नै चीनको विभिन्न ठाउँ घुम्नुका साथै काम पनि गर्न थालेका थिए । सन् १९८७ मा उनको उमेर १६ वर्षको थियो । उनी हाईस्कुलपछि काम खोज्न र घुम्नका लागि आफ्नो घर अर्थात् चीनको दक्षिण भागबाट उत्तरी शहरमा आएका थिए ।

सन् १९८७ देखि हले एक कम्प्युटर शिक्षकको सहयोगमा कम्प्युटरसम्बन्धी अध्ययन गरेका थिए । उनले आफैले पुस्तक किनेर पनि पढे । विस्तारै हले कम्प्युटरसम्बन्धी राम्रो ज्ञान हासिल गरेपछि बाहिरी कम्पनीमा काम गर्न थालेका थिए । सन् २००३ मा उनले कम्प्युटर प्राविधिक कम्पनीको स्थापना पनि गरेका थिए । त्यसपछिका केही वर्षसम्म उनले आफ्नो कम्पनी राम्रोसँग चलाए । तर सन् २००७ मा एउटा गल्तीको कारणले ह दुई वर्षसम्म जेल परे । त्यो दुई वर्षको जेल जीवनले उनको स्वतन्त्रता भङ्ग गऱ्यो साथै आत्मसम्मानमा पनि ठेस



लाग्यो । जेलमुक्त भएपछि उनले आफ्नो पहिलाको काम छाडे । उनको विचारमा जीवनमा स्वतन्त्रता सबैभन्दा महत्वपूर्ण छ । त्यसपछि उनले एउटा मोटरसाइकलको साथमा विभिन्न शहर घुम्न सुरू गरे ।

सन् २००९ मा उनी तिब्बततिर घुम्न गएका थिए । केही महिनाको यात्रापछि उनी राष्ट्रिय मार्ग ३१८ को अन्तमा पर्ने सानो शहर खासा पुगे । खासाबाट दक्षिणतर्फ नेपाल पर्छ । उनी खासामा दुई महिनासम्म बसेका थिए । सो अवधिमा उनले धेरै पर्यटकहरूसँग चिनजान गरे र साथीहरु पनि धेरै बनाए । खासा बसाइको अवधिमा धेरै पर्यटक आउने-जाने गरेको देखेर हको मनमा एउटा होस्टेल खोल्ने विचार पैदा भयो । पछि उनले एउटा याङ् कुआङ् नामक होस्टेल खासामा स्थापना गरे । सो होस्टेल स्थापनाको क्रममा उनले आफ्नो जीवनसाथी पनि पाए । उनीहरूले चिनजान भएको एक वर्षपछि विवाह गरे र हाल उनीहरूको एउटी छोरी पनि छन् ।

दुई हप्ताको यात्राले हलाई प्रभावित बनाएको थियो । यात्राको क्रममा सुन्दर दृश्य र नेपालीहरूको मित्रवत् व्यवहारलाई अहिलेसम्म पनि हले सम्झना गरेका छन् । उनको विचारमा नेपाल एउटा गरिब मुलुक भए पनि यहाँका मानिस दयालु छन् । धेरैजसो विदेशीहरु यहाँ आएर धेरै खुसी हुन्छन् । यसै बेला यात्राको क्रममा हले हालको काठमाडौंस्थित होटलको घरपति पनि भेटेका थिए । चीन फर्केपछि उनले नेपालको काठमाडौंमा एउटा होटल खोल्ने विचार गरे । त्यसपछिको एक वर्षसम्म उनले होटल खोल्नका लागि खासा र काठमाडौंबीच आउने-जाने धेरै पटक गरे । साथै उनले नेपालमा काम गर्ने र घुमफिरबीचमा धेरै फरक भएको पनि बताए । किनभने पर्यटक घुम्न जाँदा खुसी भएर सुन्दर दृश्यपान मात्र गर्न जान्छन् । नेपालमा काम गर्ने क्रममा उनले धेरै कठिनाइको सामना गर्नुपरेको बताए ।

हले भने कि वर्षभरि नै नेपालमा साँस्कृतिक चाड धेरै छन् र हरेक शनिबार धेरैजसो पसल बन्द गर्ने चलन पनि छ । पहिला ठमेलमा दशैं र तिहार चाडको अवधिमा पर्यटकहरूले कहिलेकाहीं खाना खान पाउँदैन थिए । अहिलेको परिस्थिति फरक छ र धेरैभन्दा धेरै पसलहरु शनिबार खोल्छन् । नेपाली कामदारहरु काममा त्यति छिटो छैनन् । चीनमा पाँच वा छ जना मान्छेले एउटा सानो रेस्टुराँ चलाउन सकिन्छ । तर नेपालमा त्यस्तै रेस्टुराँ चलाउन दशभन्दा बढी मान्छेको आवश्यक्ता पर्छ ।

एक पटक हले नेपाली भान्सेलाई भान्सा कोठा तथा वेटरलाई शौचालय सफा गर्न अह्राएका थिए । तर ती भान्से र वेटर खुसी भएनन् । उनीहरूको विचारमा यस्ता सफा गर्ने काम विषेश गरी सफा गर्ने मान्छेको जिम्मेवारी हो र उनीहरूको होइन । अनि त्यसको विरोध गर्दै कर्मचारीहरूले एक दिन होटल बन्द गरेका थिए । हले बताए कि चीनमा एउटा सानो रेस्टुराँको कर्मचारीले सबै कामको जिम्मेवारी लिनुपर्छ । पाँच तारेस्तरको होटलमा मात्रै एक कर्मचारीलाई एकै कामको जिम्मेवारी दिने गरिन्छ । हले आफ्ना कर्मचारीहरूसँग एउटा बैठक बसेर यस विषयबारे छलफल गरेका थिए । अन्त्यमा उनले एउटा चिनियाँ र नेपाली रेस्टुराँ चलाउने नियम बनाएर यस रेस्टुराँ राम्ररी सञ्चालन गरिरहेका छन् ।

केही वर्षयता हले नेपालको विभिन्न ठाउँ पनि घुम्नथालेका छन् र उनलाई पोखरा धेरै मन परेको छ । उनले छ-सात दिनसम्म अन्नपूर्ण हिमालको ट्रेकिङ् पनि गरे । पुनहिलमा बसेर माछापुच्छ्रे हिमाललाई राम्रोसँग हेर्न सकिन्छ । उनले पोखरामा पनि एउटा चिनियाँ रेस्टुराँ खोल्ने विचार लिए र त्यस अनुरूप एक वर्ष लगाएर उनले फेवाताल नजिक एउटा रेस्टुराँ निर्माण गरे । उनको रेस्टुराँ अगाडिबाट फेवा तालको सुन्दर दृश्य हेर्न सकिन्छ ।

नेपाल बसाइको यस अवधिमा हले नेपाल पुगेका चिनियाँहरूलाई सक्दो सहयोग गर्दैआएका छन् । एक पटक एक चिनियाँ विद्यार्थी सगरमाथा ट्रेकिङ्को क्रममा बेहोश भएका थिए । नेपालस्थित चिनियाँ राजदूतावासका कर्मचारीले राति उनलाई फोन गरेर त्यस चिनियाँबारे केही जानकारी नपाएको, मात्र होटलको व्यावसायिक कार्ड भेटेको जानकारी दिएका थिए । त्यसपछि हले आफ्नो खासास्थित होस्टेलबाट सो चिनियाँ केटाको परिचयपत्र लगायतको जानकारी तुरून्तै चिनियाँ राजदूतावासलाई दिएका थिए । हको सहयोगबाट सो चिनियाँ केटाको परिवारलाई सम्पर्क गर्न सकिएको थियो ।

हलाई आउँदा दिनमा के काम गर्नुहुन्छ त भनी प्रश्न राख्दा श्रीलंका जाने इच्छा व्यक्त गरे । उनले त्यहाँ अर्को अन्तर्राष्ट्रिय होटल र रेस्टुराँ खोल्ने विचार लिएका छन् । दुई वर्षको जेल जीवनले हलाई धेरै पीडा दिए पनि उनले ज्ञान तथा साहस भने बटुलेका छन् । जीवनमा स्वतन्त्रता पैसाबाट पाइँदैन तर सहज रूपमा जीवन बिताउनलाई भने स्वतन्त्रता चाहिन्छ । आउँदा दिनमा पनि उनको भविष्य उज्ज्वल र शानदार हुने विश्वास गर्न सकिन्छ ।

*(साभार : सीआरआई नेपाली सेवा)*







# ऐतिहासिक कागज उद्योगको पुनर्जन्म











ब्रह्मपुत्र नदी नजिकै पर्ने निमु क्षेत्रको स्वे ला ग्रामीण क्षेत्रमा तिब्बतको परम्परागत निमु कागजसँग घनिष्ट सम्बन्ध रहेको एउटा घर रहेको छ । यस घरका मालिक एवम् निमु कागजको प्रचारप्रसारकर्ता ६३ वर्षका छिरून्तोजेको कथा मार्मिक रहेको छ ।

कागजको उत्पादित प्रविधि चीनको प्राचीन कालको सबैभन्दा प्रसिद्ध चार आविष्कारमध्येको एक हो भने हालसम्म यसको दुई हजार वर्षभन्दा बढी लामो इतिहास बनिसकेको छ । तिब्बती कागजको इतिहास तेह्र सय वर्षअघि सुरू भएको हो । लिखित प्रमाण बमोजिम चीनको थाङ् राजवंशका राजाले प्राचीन तिब्बती क्षेत्रका राजासँग विवाह सम्बन्ध स्थापना गर्नका लागि राजकुमारी वेन छङ्लाई त्यहाँ पठाएका थिए । राजकुमारी वेन छङ्ले हान जातिद्वारा आविष्कार गरिएको कागज उत्पादित प्रविधिलाई प्राचीन तिब्बती क्षेत्रमा प्रवेश गराएकी थिइन् । त्यसपछिको एक हजारभन्दा बढी वर्षको लामो समययता उद्यमी तिब्बती जनताले कागज उत्पादन प्रविधि सिक्दै आफ्नो भौगोलिक श्रेष्ठता बोक्ने तिब्बती कागजको विकास गरेका छन् । तिब्बती कागजले तिब्बती जातिको सभ्यताको इतिहासमा निकै महत्वपूर्ण र गहन प्रभाव पारेको छ ।

निमु तिब्बती कागज सम्पूर्ण तिब्बती कागज क्षेत्रको एक प्रतिनिधि कागज हो । यस कागजको प्रचारप्रसारकर्ता छिरन्तोजेले सानैदेखि नै जस्ता धेरै श्रेष्ठता रहेका छन् । तिब्बती कागज किन यस्तो विशेषतायुक्त हुन्छ भन्ने प्रश्नको जवाफ थाहा पाउन यस कागजको कच्चा पदार्थको जानकारी लिनुपर्छ । यसको कच्चा पदार्थ तिब्बती क्षेत्रको विशेषतायुक्त भूगोलबाट हुर्काइने एक वनस्पती लाङ् तु घाँसको जरा हो । लाङ् तु घाँससँग गुणस्तर र विष बोक्ने विशेषता छ । त्यसकारण तिब्बती कागज दीर्घकालीन समयदेखि नकुहिने र घुनको प्रतिरोध गर्नसक्ने क्षमताले युक्त छ । यस्तो विशेषताका कारण अधिकांश तिब्बती त्रिपिटकको लिखित पत्र यसै कागजमा प्रयोग गरिन्छ ।

सन् २००६ मा तिब्बतको परम्परागत कागज उत्पादन प्रविधि औपचारिक रूपमा चीनको पहिलो शृंखला राष्ट्रिय गैरभौगोलिक साँस्कृतिक पुरातात्विक बस्तु सूचीमा राखियो । छिरून्तोजे पनि औपचारिक रूपमा निमु तिब्बती कागजको प्रचारप्रसारकर्ता बने । झन् झन् बढी स्वदेशी तथा विदेशी पर्यटकले तिब्बती कागजको अवलोकन गर्न निमु ग्रामीण क्षेत्रमा आउँछन् । त्यसपछि उनको मनमा तिब्बती कागजको नामलाई अझ टाढा टाढासम्म फैलाउने अठोट अझै गहन रूपमा पैदा भएको छ । अझै खुसीको कुरा के भने तिब्बती जातिको यस महान् पुरातात्विक बस्तुलाई राम्ररी संरक्षण गर्दै संसारमा प्रचारप्रसार गर्नका लागि सोही वर्ष सरकारद्वारा प्रदान गरिएको पुँजीमा निमु तिब्बती कागज उत्पादन उद्यान स्थापित भयो । छिरून्तोजे



**यस कागजको कच्चा पदार्थ तिब्बती क्षेत्रको विशेषतायुक्त भूगोलबाट हुर्काइने एक वनस्पती लाङ् तु घाँसको जरा हो। लाङ् तु घाँससँग गुणस्तर र विष बोक्ने विशेषता छ। यो तिब्बती कागज दीर्घकालीन समयदेखि नकुहिने र घुनको प्रतिरोध गर्नसक्ने क्षमताले युक्त छ। यस्तो विशेषताका कारण अधिकांश तिब्बती त्रिपिटकको लिखित पत्र यसै कागजमा प्रयोग गरिन्छ।**

आफ्नो बुबासँग कागजको उत्पादन प्रविधि सिक्न थालेका थिए । उनको परिवारको जीवनयापन पुस्तौं पुस्तादेखि यसै प्रविधिले हुँदै आएको छ । तिब्बती कागजको उत्पादन बाटोमा छिरन्तोजे र उनको घरपरिवारले धेरैजसो कठिनाइहरूको सामना गरेका छन् । सन् १९५९ मा अन्य स्थलमा विभिन्न कागज उत्पादित बस्तु क्रमशः तिब्बतमा भित्र्याउँदै औद्योगिक तरिकाले कागजको उत्पादन समृद्ध भयो । प्रविधि गाह्रो, श्रमिक शक्तिको उपभोग्य ठूलो, उत्पादित मात्रा कम भएको परम्परागत तिब्बती कागजको उत्पादन अस्थायी रूपमा बन्द भयो । जसबाट छिरून्तोजे परिवार यस कार्य बन्द गरेर अन्य बाँच्ने बाटोमा लाग्यो । तर पनि सानैदेखिको तिब्बती कागजप्रतिको गहन प्रभाव छिरून्तोजेको मनबाट हट्न सकेन । सन् १९८५ मा तिब्बत स्वायत्त प्रदेशको पुरातात्विक लिखित प्रमाण संग्रहालयले तिब्बती पुरानो लिखित बस्तुलाई मर्मत गर्नका लागि ठूलो मात्राको तिब्बती कागजको माग गऱ्यो । यस संग्रहालयले छिरून्तोजेलाई खोजेर अठार वर्षको तिब्बती कागज आपूर्ति ठेक्का दिएको थियो । यसबाट छिरून्तोजेको तिब्बती कागज उत्पादन पुनःस्थापना गर्न सकियो ।

आफ्नो विशेष कच्चापदार्थ र उत्पादित प्रविधि भएको कारण तिब्बती कागजसँग घुनको प्रतिरोध गर्न सकिने, गुणस्तर बलियो भएको र उनको कागज कारखाना यहाँ रहन थाल्यो । यस निमु तिब्बती कागज उत्पादन उद्यानलाई प्रदर्शनी भवन, उत्पादन भवन तथा गोदामले विभाजन गरिएको छ । प्रदर्शनी भवनमा प्रवेश गरी तिब्बती कागज र तिब्बती कागजबाट उत्पादित विविध कलावस्तु हेर्न सकिन्छ । यस भवनको पर्खालमा राखिएका तिब्बती कागजको इतिहास, उत्पादित प्रविधि सम्बन्धी विभिन्न फोटाहरूबाट सर्वसाधारणसमक्ष यस कागजको रहस्यमय शक्ति देखापर्दछ ।

पहिलेको कठिनाइभन्दा फरक के छ भने आजकाल छिरून्तोजेको तिब्बती कागजको बिक्री राम्रो देखिन्छ तापनि उनको मनमा अर्को इच्छा बसेको छ । त्यो उत्पादन परिमाणलाई विस्तार गर्दै अझ बढी तिब्बती जनतालाई यस कार्यमा भाग लिन आकर्षण गर्नु हो । तिब्बती कागजसँग उनको दीर्घकालीन र अविच्छिन्न सम्बन्ध रहेको छ । तिब्बती कागजबाट आफ्ना लागि मूल्यवान धन मात्र नभई मूल्यवान भावना पनि संरक्षण गर्न सकिन्छ । पुस्तौं पुस्तादेखि जनताले बाधा र कठिनाइ पार गरेर सधैं नै दृढ प्रयास गरेका कारण तिब्बती कागजको विकासमा वर्तमान उपलब्धि हासिल भएको हो । ती उपलब्धिलाई जोगाएर तिब्बती कागजको अझ उज्यालो भविष्य सिर्जना गर्ने अठोट पनि छिरून्तोचेले लिएका छन् ।

*(साभार : सीआरआई नेपाली सेवा)*



# प्रकृति र पर्यटनको सन्तुलन

च्यु चाइ कौ दृश्यावलोकन क्षेत्र चीनको स्वशासित क्षेत्र तिब्बतको स छ्वान प्रान्तको आबा तथा छ्याङ जातीय स्वायत्त प्रिफेक्चरमा पर्छ । निकै सुन्दर भएकोले यो ठाउँले 'स्वर्गभूमि'को उपमा पाएको छ । यहाँ एक हजारभन्दा बढी तिब्बती जातीय बासिन्दा बसोबास गर्छन् । उनीहरूले अझै पनि तिब्बती जातिको परम्परा कायम राखिरहेका छन् । सन् १९८४ मा च्यु चाइ कौ प्राकृतिक दृश्यावलोकन स्थल औपचारिक रूपमा खुलेदेखि स्थानीय तिब्बतीहरूले पर्यटन व्यापारमा सहभागी भएर पर्यटन उद्योगबाट भएको सुविधा र सम्पत्तिको उपभोग गर्न थालेका थिए ।


शुचङ देहातमा चार सयभन्दा बढी बसोबास गर्छन् । ५८ वर्ष पुगेकी तिब्बती महिला ककचो स्थानीय बासिन्दा हुन् । च्यु चाइ कौको पर्यटन उद्योगको विकास हुँदा ककचोले दुई तले घर निर्माण गरिन् । हामी ककचोको घर पुग्दा उनी आफ्नो पसलमा व्यस्त थिइन् । उनका अनुसार पसलमा तिब्बती हस्तकला वस्तु नै पर्यटकलाई सबभन्दा मन पर्ने चीज हुन् । दृश्यावलोकन क्षेत्र खुलेको केही वर्षमा गेस्टहाउसको व्यापार राम्रो थियो तर त्यसपछि च्यु चाइ कौको मूल पर्यावरणीय वातावरणको संरक्षण गर्न गेष्टहाउसको व्यापार बन्द भएको थियो । हरेक वर्ष सरकारले दृश्यावलोकन क्षेत्रको टिकटबाट केही रकम लिएर जीवन भत्ताको रूपमा स्थानीय बासिन्दालाई अनुदान दिन्छ । गत वर्ष च्यु चाइ कौको पर्यटकको संख्या तीस लाखभन्दा बढी पुगेको थियो । यसरी नै हरेक आदिवासीले बीस हजार युआनभन्दा बढी भत्ता पाएका थिए । हाल ककचो परिवारका सबै सदस्य आनन्दसँग सँगसँगै बस्छन् र पर्यटन स्मृति चिन्ह पसल चलाउँछन्, उनीहरूको जीवन पनि राम्रो र समृद्ध भएको छ ।

च्यु चाइ कौ दृश्यावलोकन क्षेत्र व्यवस्थापन ब्यूरोका उपप्रमुख वाङ छ्याङले जानकारी दिएअनुसार हाल च्यु चाइ कौका तिब्बती बासिन्दाको उत्पादन शैलीमा ठूलो परिवर्तन भएको छ र उनीहरूको आम्दानी बढ्दै आएको छ । सन् १९८४ देखि पर्यावरणको संरक्षण गर्नका लागि च्यु चाइ कौका सबै खेती गरिएको भूमिमा वृक्षारोपण गरेर वनमा परिणत गरिएको छ । सन् २००२ मा लगभग दुई हजार पशुलाई पनि च्यु चाइ कौ बाहिर सारियो । साथै स्थानीय आदिवासीको फाइदाको संरक्षण गर्न तथा उनीहरूको आम्दानी बढाउनका लागि स्थानीय सरकारले तालिम, रोजगार सुविधा, जीवन भत्ता आदि धेरै कदम चालेको छ । दृश्यावलोकन क्षेत्रका रेस्टुराँ, स्मृति चिन्ह पसल, जातीय पोशाक भाडा आदि कार्यक्रमबाट आदिवासीले व्यापार गर्न सक्छन् ।

च्यु चाइ कौबाहिर नव निर्माण भएका तिब्बती देहातको तुलनामा च्यु चाइ कौभित्रको तिब्बती देहात एकदम मौलिक तथा सरल देखिन्छ । वाङ छ्याङका अनुसार सन् १९९२ मा च्यु चाइ कौलाई विश्व प्राकृतिक सम्पदा सूचीमा राखिएको थियो । उक्त परम्परागत तिब्बती देहातको मूल रूप र पूर्णताको संरक्षण गर्नका लागि दृश्यावलोकन क्षेत्रले नयाँ निर्माण वस्तुको संख्याको कडा नियन्त्रण गर्ने गर्छ । वाङ छ्याङ भन्छन्- 'संरक्षणलाई प्रथम स्थानमा राख्नु नै च्यु चाइ कौले गरेको सबभन्दा असल कुरा हो । संरक्षण गरी पर्यटन उद्योगलाई प्रबर्द्धन गरिन्छ । हामीले मूल जीवनशैली कायम राख्न उनीहरूलाई प्रोत्साहित गर्छौं । पर्यटन उद्योग विकास भएपछि आदिवासीले बाहिरसँग धेरै सम्पर्क गरेको छ, साथै उनीहरूको जीवन पनि परिवर्तन भएको छ । पर्यटन विकासबाहेक हामीले सँस्कृतिको उत्तराधिकारमाथि पनि धेरै ध्यान र समर्थन दिएका छौँ ।'

हाल च्यु चाइ कौका नब्बे प्रतिशतभन्दा बढी आदिवासीले पहिलाको कार्य छोडेर सरसफाइ गर्ने, पर्यटन गाइड गर्ने, पहाडको संरक्षण गर्ने आदि कार्य गरेका छन् । उनीहरु च्यु चाइ कौको संरक्षण गर्ने मुख्य शक्ति बनिसकेका छन् अनि प्रतिव्यक्तिको वार्षिक आम्दानी सोह्र हजार चिनियाँ







युआनभन्दा बढी पुगेको छ ।

दश वर्षअघि दृश्यावलोकन क्षेत्रमा तालिम लिँदा तिब्बती युवती याङ फु यिङले एकजना युवकसँग माया गाँसिन् र पछि बिहे गरेर श्रीमान् बनाइन् । अहिले च्यु चाइ कौ दृश्यावलोकन क्षेत्रको एउटा पसलमा काम गर्ने याङ फु यिङका अनुसार पर्यटन उद्योग विकास भएयता च्यु चाइ कौको दृश्य अझै सुन्दर भएको छ । यहाँको वायु सफा छ र पानी मीठो छ । वातावरण बिग्रिएकै छैन । जीवन पनि राम्रो हुँदैआएको छ । उनले भनिन्- 'स्थानीय बासिन्दाको रूपमा रहँदा मलाई लाग्छ केही वर्षयता यहाँको वातावरण र जीवनमा ठूलो परिवर्तन भएको छ । पर्यटन उद्योग विकास भएपछि जीवन पनि फेरिँदै आएको छ । पहिला बच्चालाई गाउँको स्कुलमा पुऱ्याउन पनि निकै कठिन थियो किनभने स्कुल टाढा छ । तर अहिले यातायात सुविधाले गर्दा सबै कुरा सरल भएको छ । मेरो बच्चाको उदाहरणको लागि मैले उसलाई जिल्लाको शिशुविद्यालयमा पुऱ्याएँ । अरू केही राम्रो अवस्था रहेका परिवारले बच्चालाई छङ तु र पैचिङ जस्तो ठूलो शहरमा पुऱ्याउँछन् । अझै कहाँसम्म भने विदेश पनि पुऱ्याएका छन् ।'

च्यु चाइ कौका विभिन्न प्रबन्धको आधुनिकीकरण भइसके पनि स्थानीय तिब्बती आदिवासीले परम्परागत जीवनशैली कायम राखिरहेका छन् । धार्मिक विश्वासको कारणले यहाँका मानिसलाई यहाँको पवित्र पहाड र पानी मन पर्छ र प्रकृतिलाई सम्मान तथा संरक्षण गरिरहेका छन् । खेतीमा निर्भर भएको जीवन छोडे पनि उनीहरूले मानिस र प्रकृतिबीचको सन्तुलन खोज्ने प्रयास गरिरहेका छन् ।

आधुनिक जीवनशैलीबाट च्यु चाइ कौमा परम्परागत तिब्बती सँस्कृतिको उत्तराधिकारलाई परिवर्तन गरेको छैन । पर्यावरण पर्यटन दिगो विकासको मूल हो अनि जातीय सँस्कृति पर्यावरणको महत्वपूर्ण विषयमध्येको एक हो । च्यु चाइ कौको तिब्बती जातीय सँस्कृतिको प्रभावकारी रूपमा संरक्षण गरेर मात्रै च्यु चाइ कौ यी विश्व सम्पदाको राम्रोसँग संरक्षण गर्न सकिन्छ । च्यु चाइ कौमा बसोबास गर्ने तिब्बतीहरूको सुखमय जीवनले त्यसलाई प्रमाण दिएको छ ।

*(साभार : सीआरआई नेपाली सेवा)*



तस्वीर : कविन्द्रमान शाक्य

## नेपाली तारा–३ प्रताप लामा

# फर्माइसका हिरो



७ महिना लामो संघर्ष पश्चात प्रताप लामा नेपाली सांगीतिक रियालिटी-शो नेपाली ताराको तेस्रो संस्करण नेपाली तारा-३ बन्न सफल भएका छन् । मोरङ सिसवाका २४ वर्षीय लामाले नेपाली तारा-३ को विभिन्न चरण पार गर्दै अन्तिम भोटिङ राउण्डमा पुग्दा कुल खसेको ११ लाख एसएमएस भोटिङमा ४ लाख ८७ हजार भोट पाएर लामा सर्वोत्कृष्ट बनेका थिए ।

नेपाली तारा-३ को लामाको प्रत्यासी बनेका फस्ट रनरअप देवेश राईले भन्दा १ लाख बढी भोट लामाले प्राप्त गरेका थिए । विभिन्न चरणमा उत्कृष्ट प्रस्तुतिले गर्दा अग्रता कायम गरे तापनि अन्तिम भोटिङ राउण्डमा त्यति धेरै भोट प्राप्त भएर नेपाली तारा-३ बन्दा अत्यन्त खुसी लागेको बताउँदै हट नेपालको कार्यालय आइपुगेका लामाले नेपाली जनताको भोटले नेपाली तारा-३ भएको खुलेर बताउन चुकेनन् ।

प्रिज्मा एडभरटाइजिङ्का लागि नीलबाराही फिल्मसद्वारा आयोजित नेपाली सांगीतिक रियालिटी-शो नेपाली तारामा नेपाली तारा-३ भएयता लामाले भारी पुरस्कार पाएका छन् । एउटा बजाज डिस्कभर मोटरसाइकलसहित २ लाख ५० हजार रूपैयाँ नगद पुरस्कार सहित थुप्रै गिफ्ट पाएका छन् । त्यसको अलावा आयोजकको तर्फबाट तीनवटा गीत रेकर्ड गराउने अवसर पनि पाएका छन्। यसबीचमा नेपाली तारा-३ टप टेनको एल्वमका लागि पहिलोपल्ट सुरेश अधिकारीको संगीत तथा विष्णु लिम्बूको शव्दमा के माग्दै छु हिमाल के माग्दै छ पहाड बोलको गीत रेकर्ड गरेका छन् । सोही गीत नै जिन्दगीको पहिलो रेकर्ड गीत हुन पुगेको पनि लामाले खुलासा गरेका छन् । यसअघि लामाले कुनै पनि गीत आफ्नो गायनमा रेकर्ड गराएका थिएनन् ।

विगत पाँच बर्षदेखि काठमाडौंको दरबारमार्गस्थित नोर्लिङ्ग गजल रेष्टुरेन्टमा ग्राहकको फर्माइसमा नेपाली, हिन्दी तथा गजल गीत गाउने कार्य गर्दैआएका लामा वास्तवमा गायक बन्ने सोचमा नै थिएनन् । बचपनमा ठूलो भएर कुनै न कुनै क्षेत्रमा लागेर नामी बन्ने सोच मात्र लामामा थियो । सानोमा रहरले गुनगुनाउने बाहेक गायकै बनेर नामी बन्ने दिमागमा कहिले पनि नआएको लामाले भने । यद्यपि, काठमाडौं आएपछि गजल रेष्टुरेन्टले गायक बनाएको भन्न चुक्दैनन्।



ठट्टैमा गजल रेष्टुरेन्टमा गायनको रहर पूरा गरेर दाम कमाउने भूत सवार भएपछि लामाले गीत गाउन थाले । व्यावसायिक रेष्टुरेन्ट गायक बनेर काम गर्न थालेको पुगनपुग पाँच वर्षमा नेपाली तारा-३ बन्नुमा गजल रेष्टुरेन्ट गायनको रियाजले धेरै मद्दत गरेको लामा स्वीकार्छन् । ग्राहकले कुनै गीतको भटाभट अर्डर गर्नासाथ फटाफट गाएर उनीहरूलाई मनोरञ्जन दिनुपर्ने व्यवसायमा लागेका लामालाई जस्तोसुकै गीत गाउन पनि गाह्रो थिएन ।

सबैखाले गीत मज्जाले गाउन सक्ने बेग्लै क्षमता भएका लामालाई रोमान्टिक गीत गाउन मज्जा लाग्ने गर्दछ । फिल्मी, पप, आधुनिक र लोकगीत मात्र होइन, पाएमा भजन पनि गाउन नछाड्ने लामाले भनेका छन् । रूपरङ्ग हेर्दा फिल्मी हिरो जस्तो देखिने लामा चलचित्रमा हिरो बन्ने सोचमा भने छैनन् । आफ्नो गीतको भिडियोमा हिरो बनेर अभिनय गर्ने बाहेक अरूमा हिरो बनेर खेल्ने कुनै रहर तथा इच्छा नै नभएको भन्छन् । नेपाली तारा-३ बनेयता बढी जिम्मेवारी थपिएको महसुस गरेका लामाले नेपाली सांगीतिक क्षेत्रमा विविध गीत-संगीत पस्केर सबैलाई मन्त्रमुग्ध बनाउने आफ्नो प्रयास रहने लामाले बताएका छन् । लामाअघि, दीपक लिम्बू र सन्तोष लामा नेपाली तारा बनिसकेका छन् । दीपक लिम्बूले नेपाली चलचित्र तथा आधुनिक गीत गायनमा अब्बलता हासिल गरिसकेका छन् । त्यसको तुलनामा सन्तोष लामा त्यति धेरै माथि पुग्न नसके पनि पप गायनमा नै बढी केन्द्रित हुन पुगेका छन् ।




## An Airline with Outstanding Safety Record

*For detail information on flights, please contact your Travel Agent or us*

### International Sales (Kathmandu)

| | | |
|---|---|---|
| ● Reservation | : | 4248625, 4248618 |
| | | 4244055 |
| ● Sales | : | 4248607, 4248614 |
| ● Airport | : | 4113011, 4113211 |

### Domestic Sales (Kathmandu)

| | | |
|---|---|---|
| ● Reservation | : | 4224497, 4248604 |
| ● Tourist Sales | : | 4227133 |
| ● Airport | : | 4470668 |

Nepal Airlines

Website: http://www.nepalairlines.com.np
email: info@nac.com.np
Telephone: 4220757
Fax: 4225348
Toll Free : 16600110787

# Chase Business Group

House N. 63/19, Gangahity Madhyamarga, Chabahil

Ph: 4497292, Mobile: 9841-814820






























**TISSOT LADY POWERMATIC 80.** AUTOMATIC MOVEMENT AND A MOTHER-OF-PEARL DIAL. 80 HOURS OF POWER RESERVE. **INNOVATORS BY TRADITION.**

TISSOT.CH

TISSOT

LEGENDARY SWISS WATCHES SINCE 1853

SULUX CENTRE
Hotel Woodland Complex, Durbarmarg

Branches:
Bluebird Mall, Tripureshwor
Bhatbhateni Super Market, Bhatbhateni